का.जि.प्र.का.द.नं. १००/०५९/६०

१८ माघ २०८१,
शुक्रबार
31 January, 2025
Friday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक ३४३। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

## थुनुवामाथि अमानवीय व्यवहार



जिल्ला प्रहरी कार्यालय, कैलालीको हिरासतको अनुगमन गर्दै संसदीय समिति ।

मानव अधिकारका आधारभूत विषयहरु समेत थुनुवाले सम्झौता गर्नुपरेको संसदीय अनुगमन समितिका सदस्यहरु बताउँछन्

**जानकी पाठक / मध्यान्ह**
काठमाडौं, १७ माघ ।

कारागारलाई सुधार गृहको रुपमा लिइन्छ । तर, सुधार गृह यातना गृहजस्तो महसुस भएको भनेर संसदीय समितिले सरकारको ध्यानाकर्षण गरेको छ । प्रतिनिधिसभा अन्तर्गतको कानुन, न्याय तथा मानवअधिकार समितिले देशका विभिन्न जिल्लामा पुगेर कारागारहरूको स्थलगत अध्ययन अनुगमन गरेको छ । त्यसक्रममा कारागारहरूमा थुनुवामाथि अमानवीय व्यवहार भएको निष्कर्ष निकालेको छ । मानव अधिकारका आधारभूत विषयहरू समेत थुनुवाले सम्झौता गर्नुपरेको अनुगमन समितिका सदस्यहरू बताउँछन् ।

कानुन, न्याय तथा मानवअधिकार समितिले नै वाल सुधार गृहहरूको पनि स्थलगत अनुगमन गरेको छ । कारगार र वाल सुधार गृहको अनुगमनपछि संसदीय समितिले थुनुवामाथि अमानवीय व्यवहार भइराखेको निष्कर्ष निकालेको हो ।

कुनै पनि अपराधमा संलग्न भएर कारागार वा बाल सुधार गृह पुगेकालाई असल व्यवहार सिकाउने, असल चरित्र निर्माण गर्ने मुख्य उद्देश्य राखिएको हुन्छ । तर कारागारहहरु यातना गृहजस्ता छन् । त्यहाँ खाना र सुत्न समेत ठाउँ छैन ।

'एउटै कोठमा खाट मुनि र माथि गरी तीन तहमा कोचाकोच गरी सुत्छन्' संसदीय समितिले यस्तो दृश्यलाई 'यातना गृहको संज्ञा दिएको छ । प्रतिवेदनमा अगाडि भनिएको छ, '...दुर्गन्धित शौचालय र सरसफाइको कमी जस्ता आधारभूत विषयहरुको सम्बोधन हुन नसक्दा कारागार सुधार गृहको रुपमा नभई यातना गृह जस्तो भएको पाइयो ।'

कतिपय कारागारमा खाना खाने ठाउँकै अभाव छ । 'क्षमताभन्दा बढी राखिएकाले भातको थाली राखेर खान समेत समस्या रहेको' अध्ययन प्रतिवेदनमा उल्लेख छ ।

अनुसन्धानको क्रममा प्रहरीले हिरासतमा रहेका थुनुवासँग समेत अमानवीय व्यवहार गर्ने गरेको प्रतिवेदनले औंल्याएको छ । थुनुवालाई प्रहरीले शारीरिक, मानसिक यातनासँगै धाकधम्की दिएर अमानवीय व्यवहार गर्ने गरेको बताइएको छ ।

संसदीय समितिको प्रतिवेदन अनुसार थुनामा राखिएको समयमा कुटपिट, चोट पुऱ्याउने लगायतको पृष्ठ २ मा

### संसद्को अधिवेशन

## सजिलै नचल्ने संकेत



संसद ढिलो बोलाउने र विधेयकहरूलाई फास्ट ट्र्याकमा लैजाने कुराले सरकार अतालिएको देखिएको छ

■ **अग्नी सापकोटा**
उपाध्यक्ष
माओवादी केन्द्र



हामी अध्यादेशको विरोधमा उत्रिन्छौं । सरकारले जंगल र निकुञ्जको जग्गा व्यक्तिलाई बाँड्ने षड्यन्त्र गरेर अध्यादेश ल्याएको छ

■ **रामकुमार भट्टराई**
उपमहासचिव
नेकपा (एकीकृत समाजवादी)

**निमिष झा / मध्यान्ह**
काठमाडौं, १७ माघ ।

संघीय संसद्को हिउँदे अधिवेशन शुक्रबार बस्दैछ । यस अधिवेशनलाई विधेयक अविधेशनका रूपमा लिइएको छ ।

संघीय संसद् सचिवालयले दुबै सदनका सम्भावित कार्यसूची सार्वजनिक पनि गरेको छ । सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार शुक्रबार बस्ने प्रतिनिधिसभा बैठकमा सभामुखले राष्ट्रपतिबाट प्राप्त अधिवेशन आह्वान, प्रधानमन्त्रीको कार्यभार तोकिएको र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त कार्यभार थपसम्बन्धी पत्रको व्यहोरा पढेर सुनाउने कार्यसूची छ ।

अधिवशेन सुरु भएको दिन यसअघि जस्तै दलीय आधारमा सदस्यहरूले मन्तव्य राख्ने कार्यसूचि पनि छ ।

बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीले 'सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई पृष्ठ २ मा

### यस्तो छ सत्ता र प्रतिपक्षको रणनीति

सरकारले ल्याएका पाँच वटै अध्यादेश संसद्मा पेश गर्ने तयारी गरिरहँदा सत्ता पक्ष र विपक्षमा रहेका दलहरूले सदनमा कसरी प्रस्तुत हुने भन्नेमा आआफ्नै रणनीतिमा छन् । पहिलो बैठकमै हुनसक्ने अध्यादेशको विरोध रोक्न सत्तारुढ दलहरूले औचित्य पुष्टि गर्ने गरी प्रतिरक्षाको रणनीति बनाएका हुन् ।

संसद्को पहिलो बैठकमा सकेसम्म विरोध नहोस् भन्ने सरकारको चाहना छ । त्यसैले पहिलो शुक्रबार नै प्रधानमन्त्री केपी शर्मा ओली सहित प्रमुख दलका शीर्ष नेताहरूले सम्बोधन गर्ने कार्यक्रम राखिएको छ । विपक्षीले अध्यादेशको विरोध गर्न नपाउन् भनेर सत्तारुढ दलले औचित्य पृष्ठ २ मा

### कांग्रेसभित्र असन्तुष्टि

सत्तारुढ नेपाली कांग्रेसभित्र पनि अध्यादेशको विरोध भइरहेको छ । त्यो विरोध संसद्मा प्रकट नहोस् भनेर कांग्रेसले पदाधिकारी र मन्त्री सहितको बैठक बोलाएर अध्यादेशको औचित्य पुष्टि गर्ने प्रयास समेत गऱ्यो । त्यस्तै कांग्रेसले सरकारले निर्माण गरेको कानुन सुधार कार्यदलका सदस्यलाई बोलाएर समेत संसदीय दलमा अध्यादेशबारे बुझाउने प्रयास गऱ्यो । कांग्रेसकै अग्रसरतामा अध्यादेश आएको हुनाले विरोध नगर्ने र अपनत्व लिने रणनीति कांग्रेसको छ ।

अध्यादेशमात्र होइन सरकारले ल्याएको सामाजिक सञ्जाल सञ्चालन, प्रयोग तथा नियमनसम्बन्धी विधेयकको पनि सत्ता र प्रतिपक्षबीच पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## एशोसिएसनले टुंग्यायो ४ पदाधिकारी र ५ सदस्यको उम्मदेवार

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ माघ ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आगामी कार्यसमितिको निर्वाचनका लागि नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनले अध्यक्ष, प्रथम उपाध्यक्ष, द्वितीय उपाध्यक्ष, महासचिव गरी पदाधिकारीमा ४ र ५ सदस्य गरी ९ पदको उम्मेदवारी टुंगो लगाएको छ ।



संघ निवार्चन

एशोसिएसनले अध्यक्षमा संघका पूर्वद्वितीय उपाध्यक्ष गुरुङ म्यानेजमेन्ट प्रा.लि.का सञ्चालक भुवनसिं गुरुङ, प्रथम उपाध्यक्षमा नोकरी नेपाल प्रा.लि.का सञ्चालक नरेन्द्रप्रसाद ढकाल, द्वितीय उपाध्यक्षमा अलर्ट ओभरसिज प्रा.लि.का सञ्चालक देवकुमार खोखाली र महासचिवमा ग्लोबल राइजिङ प्लेसमेन्ट प्रा.लि.का सञ्चालक महेशकुमार पृष्ठ २ मा

### भान्तनाको नेतृत्वमा संयुक्त व्यावसायिक प्यानल



**काठमाडौं / मस**–नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आगामी कार्यसमितिको निर्वाचनमा वैदेशिक रोजगार व्यवसायी गणतन्त्रिक मञ्चका पूर्वअध्यक्ष रामप्रसाद भान्तनाको नेतृत्वमा संयुक्त पृष्ठ २ मा


## हार्दिक निमन्त्रणा

**आदरणीय वैदेशिक रोजगार व्यवसायीज्यूहरु,**

'रोजगारीको अभिवृद्धि र राष्ट्रको समृद्धि' भन्ने मूल नाराका साथ संघीय संसद्, प्रतिनिधि सभाअन्तर्गत उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिका सभापति **माननीय अब्दुल खानज्यू**को प्रमुख आतिथ्यतामा नेपाल वैदेशिक रोजगार व्यावसायिक एकता समितिको निर्वाचनसहितको सतौं साधारण सभा-२०८१, निम्न मिति, स्थान र समयमा अयोजना हुन गइरहेको व्यहोरा सहर्ष जानकारी गराउँदछौं ।
उक्त साधारण सभालाई सफलतापूर्वक सम्पन्न गराउन यहाँहरूको गरिमामाय उपस्थितिका लागि हार्दिक निमन्त्रणा गर्दछौं ।

**कार्यक्रम**
**मिति** : २०८१/१०/१८ (शुक्रबार)
**समय** : अपराह्न ०१:०० बजे
**स्थान** : स्काई रेष्ट्रो एन्ड बैंक्वेट, सामाखुसी, काठमाडौं

तारानाथ अर्याल (सचिव) — हरिबहादुर पाण्डे (अध्यक्ष)

**नेपाल वैदेशिक रोजगार व्यावसायिक एकता समिति**
सामाखुसी, काठमाडौं

## नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचनसहितको साधारण सभासम्बन्धी सूचना

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको मिति २०८१ पुस १० गते बसेको संघ कार्यसमिति बैठकको निर्णयानुसार संघको विधानको दफा २४(२) मा व्यवस्था भएबमोजिम आगामी २०८१ फागुन २ गते हुन गइरहेको संघको ३०औं र ३१औं वार्षिक साधारण सभा तथा निर्वाचनका लागि प्रमुख निर्वाचन अधिकृतसहितको समिति गठन भएको व्यहोरा सम्पूर्ण व्यवसायीज्यूहरूलाई यसै सूचनाद्वारा जानकारी गराउँदै साधारण सभामा उपस्थितिको लागि अनुरोध गरिन्छ ।

**साधारण सभामा निर्णयार्थ पेश गरिने विषयहरू (एजेण्डाहरू) :**

१. कार्यसमितिको तर्फबाट प्रस्तुत गर्ने प्रगति विवरण र संघद्वारा भएका कार्यहरु उल्लेख गरिएको प्रतिवेदन पारित गर्ने ।
२. आ.व. २०७९/०८० र २०८०/०८१ को आयव्ययको विवरणसहितको वासलातउपर छलफल गरी पारित गर्ने ।
३. आ.व. २०८१/०८२ को आयव्ययको लेखा परीक्षक नियुक्त गरी निजलाई दिने पारिश्रमिक तोक्ने ।
४. आगामी कार्यकालका लागि संघ कार्यसमितिको निर्वाचन गर्ने ।
५. विविध (विधान संसोधन) विषयअन्तर्गत विधानको दफा १७, दफा १९(४)(१), दफा २० को उपदफा ४ लगायत अन्य दफा, उपदफा संसोधन गर्ने ।

**समय** : बिहानको ०८: ३० बजे
**स्थान** : अनुपम फुडल्याण्ड, बत्तीसपुतली

**साधारण सभासम्बन्धी थप जानकारी :**
कम्पनी संचालक समितिबाट निर्णय गराइ साधारण सभामा भाग लिनका लागि एक कम्पनीले १ जना प्रतिनिधि पठाउनुपर्ने भएकाले संघमा बाँकी रहेको **मासिक शुल्क (लेबी) भुक्तान गरी संघमा कम्पनीको लेटरहेडमा लिखित निवेदन, शेयर लागतको प्रतिलिपि, नागरिकता वा राहदानीको प्रतिलिपि र पासपोर्ट साइजको २ प्रति फोटो मिति २०८१ माघ २५ गते अन्तिम समयसिमा रहेको हुँदा कार्यालय समय**भित्र प्रतिनिधि पठाइ जानकारी गराउनुहुन हार्दिक अनुरोध छ ।
***नोट:** निवार्चन समितिको कार्यालय संघमा नै राखिएको जानकारी गराइन्छ ।*

मेघनाथ भुर्तेल (महासचिव) — एवम् — राजेन्द्र भण्डारी (अध्यक्ष)

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
सिफल-७, काठमाडौं, फोन नं. ०१- ४५९०९६९/४५९४४१८





मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



# मदरसा शिक्षालाई शैक्षिक मूलधारमा समावेश गर्न माग

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, १७ माघ

कृष्णनगर नगरपालिकाका प्रमुख रजत प्रताप शाहले मदरसा शिक्षालाई नेपाल सरकारको शैक्षिक मूलधारमा समावेश गर्दै आधुनिक शिक्षासँग जोड्नुपर्ने बताएका छन् ।

नगरपालिकाको वडा नं. ३ मा रहेको जामिया सिराजुलवलुम अलसल्फिया झण्डानगर रहमानको वार्षिकोत्सवको अवसरमा उनले मदरसामा अध्ययन गरेका विद्यार्थीहरूलाई पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा सहभागी हुन सक्षम बनाउनुपर्नेमा जोड दिए ।

त्यस्तै, महाराजगंजका नगरप्रमुख अब्दुल कलाम खांले नेपाल सरकारद्वारा मदरसा शिक्षा प्राप्त गरेका विद्यार्थीहरूको प्रमाणपत्रलाई मान्यता नदिइनु चुनौतीपूर्ण भएको बताए । उनले नेपाल सरकार र मदरसा सञ्चालक समितिबीच समन्वय गरी धार्मिक तथा आधुनिक शिक्षा समेट्ने पाठ्यक्रम विकास गर्नुपर्ने सुझाए ।




कार्यक्रममा नेपाल प्रहरीका नायब महानिरीक्षक उमा चतुर्वेदीले विद्यार्थीहरूलाई राष्ट्रसेवामा समर्पित रहन प्रेरित गर्दै विद्यार्थी जीवनमा शिक्षकहरूले प्रदान गरेको ज्ञानलाई व्यवहारिक रूपमा उपयोग गर्नुपर्ने कुरामा जोड दिइन् । कार्यक्रममा नगरप्रमुख शाह, नायव महानिरीक्षक चतुर्वेदी, नगरप्रमुख खां, वडाध्यक्ष सगीर अहमद खां लगायत अतिथिहरूलाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो ।

जामिया सिराजुलवलुम अलसल्फियाका प्रबन्ध निर्देशक शमीम अहमद नदवी र निवर्तमान उपाध्यक्ष मौलाना मशहुद खां नेपालीले अतिथिहरूलाई स्वागत गर्दै विद्यालयको शैक्षिक गतिविधि तथा भविष्यका योजनाबारे जानकारी गराएका थिए ।

कार्यक्रममा सहभागी सम्पूर्ण अतिथिहरूले मदरसा शिक्षा प्रणालीको सुधार, विद्यार्थीहरूको उज्वल भविष्य तथा धार्मिक एवं आधुनिक शिक्षाबीचको समन्वयलाई प्राथमिकतामा राख्दै सहकार्य गर्नुपर्ने आवश्यकता औंल्याएका थिए ।

## मातृभाषाको अवस्था चिन्ताजनकः अध्यक्ष डा. ठाकुर

**ललितपुर/मस–** भाषा आयोगका अध्यक्ष डा. गोपाल ठाकुरले १२४ वटाभन्दा बढी मातृभाषाको अवस्था चिन्ताजनक रहेको बताएका छन् । ती भाषालाई बचाउन उत्पादन र प्रयोगमा अनिवार्यता रहेको उनले बताए ।



नेपाल साहित्यिक पत्रकार संघ केन्द्रीय समितिले मातृभाषा साहित्यिक पत्रकारिता शतवार्षिकीको अवसर पारेर ललितपुरस्थित कोपुण्डोलमा आयोजना गरेको कार्यक्रममा प्रमुख अतिथि डा. ठाकुरले आफ्नो घर र परिवारमा नबोलिने र नपढिने भाषा क्रमशः लोप हुँदै जाने सम्भावना रहेको बताए ।

कार्यक्रममा संघका केन्द्रीय सचिवालय सदस्य तथा नलिः नेपालभाषा साहित्यिक मासिकका सम्पादक नरेशवीर शाक्यले 'मातृभाषा साहित्यिक पत्रिका(नेपालभाषा) या अवसर व हाथ्य' विषयक कार्यपत्र प्रस्तुत गर्दै नेपालभाषाको साहित्यिक पत्रकारिताको इतिहास, योगदान र प्रभावबारे कार्यपत्र प्रस्तुत गरेका थिए । उनले मातृभाषा पत्रकारिताको थालनी धर्मादित्य धर्माचार्यको सम्पादनमा १९८२सालमा प्रकाशित नेपाल भाषाको साहित्यिक पत्रिका 'बुद्धधर्म' बाट प्रारम्भ भएको तथ्य उजागर गरेका थिए ।

कार्यक्रममा विशेष अतिथि प्रेस काउन्सिल नेपालका पूर्व बोर्ड सदस्य तथा वरिष्ठ पत्रकार शुभेच्छाविन्दु तुलाधरले उक्त कार्यपत्रमाथि आफ्नो धारणा राख्दै नेपालभाषाको भाषिक साहित्यिक पत्रकारिताको इतिहास र योगदानलाई प्रष्ट पारेको बताइन् ।

उनले नेपाल साहित्यिक पत्रकार संघले सरकारलाई सुझाव दिन सक्ने गरी भाषिक सम्मेलन गर्नुपर्ने औचित्यमाथि प्रकाश पारिन् ।

कार्यक्रमका सभाध्यक्ष तथा नेपाल साहित्यिक पत्रकार संघका केन्द्रीय अध्यक्ष मोहन दुवालले मातृभाषाको उन्नायन र विकासका लागि आआफ्नो घरपरिवारबाटै प्रयोग गर्न र सिकाउन लाज मान्नु नहुने कुरामा जोड दिए ।

कार्यक्रममा संघका केन्द्रीय सल्लाहकार नरेन्द्रबहादुर श्रेष्ठले उक्त कार्यपत्रमाथि चर्चा गर्दै नेपाल साहित्यिक पत्रकार संघ स्थापना भए यता साहित्यिक पत्रपत्रिकाले झेल्दै आएका समस्यालाई समाधान गराउन योगदान पुऱ्याएकोमा खुसी व्यक्त गर्दै आफूले पनि सक्दो सहयोग पुऱ्याउने बताए ।

## विद्यार्थीलाई प्रतिस्पर्धात्मक बनाउन आधुनिक शिक्षाको आवश्यकता

**सुनवल/मस–**पश्चिम नवलपरासीको सुनवल-१३ बडेरामा रहेको धान्याचल माध्यमिक विद्यालयले आफ्नो ३७औं वार्षिकोत्सव विविध कार्यक्रमसहित भव्य रूपमा मनाएको छ ।




विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सूर्यप्रसाद न्यौपानेको अध्यक्षता तथा लुम्बिनी प्रदेशसभा सदस्य खड्ग बस्नेतको प्रमुख आतिथ्यतामा आयोजित कार्यक्रममा अभिभावक दिवस, पुरस्कार वितरण तथा 'शैक्षिक दर्पण' विमोचन गरिएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि बस्नेतले कुनै पनि व्यक्ति लक्ष्यमा दृढ रही समाजसेवामा लागेमा संस्था तथा समाजले उल्लेखनीय प्रगति गर्ने बताए ।

बस्नेतले विद्यालयको शैक्षिक तथा भौतिक प्रगतिप्रति प्रशंसा गर्दै सामुदायिक विद्यालयको शैक्षिक सुधारमा शिक्षक, व्यवस्थापन समिति तथा अभिभावकको समान भूमिका आवश्यक रहेको बताए । विद्यार्थीलाई प्रतिस्पर्धात्मक बनाउन आधुनिक शिक्षाको आवश्यकता रहेकोमा बस्नेतले जोड दिए ।

विद्यालयका प्राचार्य ऋषिराम भण्डारीले वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्दै विद्यालयमा हाल बालविकासदेखि कक्षा १२ सम्म ६०९ विद्यार्थी अध्ययनरत रहेका ४० जना शिक्षक तथा कर्मचारी कार्यरत रहेको जानकारी दिए ।

कार्यक्रममा सुनवल शिक्षा शाखा अधिकृत पशुपति भट्टराई, विद्यालय व्यवस्थापन समिति महासंघका केन्द्रीय सदस्य रामबहादुर क्षेत्री, बडेरा सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष मदन पन्त, भगवती मावि वनकट्टीका प्रधानाध्यापक बाबुराम पाण्डे, लुम्बिनी साकोसका अध्यक्ष लेखनाथ खरेल,अक्षयकोषदाता प्रभाकरसिंह थापा र पूर्वप्रधानाध्यापक मुकुन्द सूचीकार विद्यार्थी अनिता भुसाल लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा शैक्षिक क्षेत्रमा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी, शिक्षक तथा अन्य योगदानकर्ताहरूलाई सम्मान गरिएको थियो भने अक्षयकोष दाताद्वारा शैक्षिक सामग्री वितरण गरिएको थियो । कार्यक्रममा विद्यार्थी र शिक्षकहरूले प्रस्तुत गरेको सांस्कृतिक थिए ।

## प्रेस चौतारी अर्घाखाँचीको अध्यक्षमा केसी

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १७ माघ

प्रेस चौतारी नेपाल जिल्ला शाखा अर्घाखाँचीको ७ औं जिल्ला अधिवेशन सन्धिखर्कमा सम्पन्न भएको छ ।

अधिवेशनको नेकपा एमाले अर्घाखाँचीका जिल्ला अध्यक्ष पिताम्बर भुसालले उद्घाटन गरेका थिए ।

कार्यक्रममा बोल्दै अध्यक्ष भुसालले पत्रकारले जनताका खास समस्या बाहिर ल्याउन आवश्यक रहेको बताए । यस्तै सत्यतथ्यमा आधारित पत्रकारिताको आवश्यक रहेको भुसालले बताए ।

कार्यक्रममा नेकपा एमालेका जिल्ला उपसचिव खगेश्वर पन्थी, एमाले नेता दिपा आचार्य, सिद्दी भुसाल, पत्रकार महासंघ लुम्बिनी प्रदेश कोषाध्यक्ष प्रेमनारायण आचार्य लगायतले मन्तव्य राखेका थिए । कार्यक्रम प्रेस चौतारी अर्घाखाँचीका उपाध्यक्ष सबिता आचार्यले स्वागत मन्तव्य राखेकी थिइन् ।

कार्यक्रममा पत्रकार महासंघमा नवनिर्वाचित कार्यसमितिका पदाधिकारीलाई सम्मान गरिएको थियो ।

कार्यक्रममा पत्रकार महासंघका पूर्वअध्यक्ष शोभाखर पन्थी, पूर्व उपाध्यक्ष वीरेन्द्र केसी र सन्धिखर्क एफएमका स्टेसन म्यानेजर श्याम घिमिरेलाई पनि पुरस्कृत तथा सम्मान गरिएको छ । उनीहरुलाई प्रकाश स्मृति पत्रकारिता पुरस्कार- २०८१ बाट बिहीबार सन्धिखर्कमा पुरस्कृत गरिएको छ ।


बिहीबार भएको बन्द सत्रले नवीन केसीको अध्यक्षतामा नयाँ कार्यसमिति गठन गरेको छ । जसको उपाध्यक्षमा सिद्धार्थ केसी, महिला उपाध्यक्षमा करिश्मा खनाल, सचिवमा नवीन रसाइली,

सहसचिवमा लक्ष्मी खनाल, सहसचिव समावेशी कमला परियार र कोषाध्यक्ष प्रकाश प्यूठानी चयन भएका छन् ।

यस्तै सदस्यहरूमा चन्द्र पाण्डे, किरण खनाल, हिमाल पौडेल,रमेश कुमार थापा, कमलप्रसाद भुसाल, केशव पन्थी, सम्झना ज्ञवाली, रिना सुनार, कोपिला आचार्य चयन भएकी छन् ।

यस्तै प्रदेश प्रतिनिधिमा माया पन्थी, माधव वेल्वासे, सविता आचार्य,केन्द्रीय प्रतिनिधि शोभाखर पन्थी, वसन्त श्रेष्ठ, भगवता पाण्डे निर्वाचित भएकी निर्वाचन आयोग केन्द्रीय अध्यक्ष गणेश खनालले बताए ।

## व्यवसायी अदैको निधन



**काठमाडौं/मस–**वैदेशिक रोजगार व्यवसायी चन्द्रसिंह अदैको निधन भएको छ । नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनका सदस्य अदैको बिहीबार बिहान निधन भएको हो ।

जब्स ग्लोबल डटकम इम्प्लोइमेन्ट सर्भिस प्रा.लि.का संचालकसमेत रहेका ५१ वर्षीय अदै लामो समयदेखि उच्च रक्तचाप र मिर्गौला रोगबाट पीडित थिए ।

स्व.अदैको बिहीबार नै पशुपति आर्यघाटमा धार्मिक विधिअनुसार अन्तिम संस्कार गरिएको छ । स्व. अदैको निधनमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघलगायतका संस्थाले कर्मठ र जुझारु व्यवसायी गुमाएको भन्दै श्रद्धाञ्जली व्यक्त गरेका छन् । श्रद्धाञ्जली व्यक्त गर्न संघका अध्यक्ष राजेन्द्र भण्डारीसहित ठूलो संख्यामा व्यवसायी र जिल्लावासी पशुपति आर्यघाटमा उपस्थित थिए । स्व. अदैका तीन छोरा र दुई श्रीमती रहेका छन् ।

## व्यवसायी बस्नेतलाई मातृशोक



**काठमाडौं/मस–**वैदेशिक रोजगार व्यवसायी अभिनयन मानसिंह बस्नेतलाई मातृशोक परेको छ । नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनका कार्यसमिति सदस्य एवं हबिबि इन्टरनेशनल प्रा.लि.का सञ्चालक बस्नेतकी आमा लक्ष्मी बस्नेतको माघ १७ गते ५७ वर्षको उमेरमा निधन भएको हो ।

एशोसिएसन अध्यक्ष दीपक थापा तथा महासचिव महेश कुमार बस्नेतसहित एशोसिएसनमा आबद्ध व्यवसायीले स्व.बस्नेतप्रति गहिरो समवेदना व्यक्त गरेका छन् ।

### थुनुवामाथि...

शारीरिक यातना सहनुपरेको गूनासो गरेका छन् ।

संविधानले थुनुवामाथि अमानवीय व्यवहार गर्न रोक लगाएको छ । यससम्बन्धी व्यवस्था संविधानको धारा २२ को उपधारा (१) मा छ । जहाँ पक्राउ परेका वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निमर्म, अमानवीय वा अपमानजनक व्यवहार नगरिने उल्लेख छ ।

प्रतिवेदनअनुसार प्रहरीबाट यातना पाएपनि उनीहरु वकिल, न्यायाधीश, मानवअधिकार आयोगमा जानकारी गराउँन पुग्दैनन् । फेरि पनि दुःख पाइने र नगरेको अपराधमा समेत अपराध गरेको आरोपमा कसूर गरेको ठहर गरिदिन सक्ने र थप समय कारागार बस्नुपर्ने चिन्ता थुनुवामा हुने गरेको छ ।

प्रहरीको हिरासतमा रहेका थुनुवालाई प्रहरीले आरोप स्वीकार गर्नका दबाब दिने गरेको पाइएको पनि अनुसन्धान प्रतिवेदनमा छ । यसअन्तर्गत घरपरिवार तथा आफन्तलाई क्षति पुऱ्याउने धम्कीसमेत दिने गरेको गूनासो थुनुवाहरूको छ ।

वारेन्टबिना पक्राउ गर्ने विषयमा समेत संसदीय समितिले प्रश्न उठाएको छ । प्रहरीले मानिसलाई पक्राउ गर्दा वारेन्ट समेत नदिने गरेको भनेर प्रश्न उठाएको हो ।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उपदफा ४ र ६ बमोजिमको वारेन्ट जारी गरेर मात्र पक्राउ गर्नुपर्ने उल्लेख छ ।

### सजिलै...

संशोधन गर्ने अध्यादेश, २०८१' पेश गर्ने छन् । उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८१', 'निजीकरण (पहिलो संशोधन) अध्यादेश, २०८१' र 'आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१' पेश गर्ने कार्यसूची छ ।

त्यस्तै भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारणमन्त्री बलराम अधिकारीले 'सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१' र 'भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१' पेश गर्ने छन् ।

यसैगरी राष्ट्रियसभाको बैठकमा उल्लेखित कार्यसूचि बाहेक मिडिया काउन्सिल विधेयक, २०८० र नवीरकणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी विधेयक, २०८१ सम्बन्धी समितिको प्रतिवेदन पेश गर्ने कार्यसूचि छ । दुबै सदनमा विभिन्न विधेयक विचाराधीन हुनुका साथै थप नयाँ विधेयकसमेत दर्ता गरिएका छन् । संसद्मा संघीयता कार्यान्वयनसँग जोडिएका संघीय निजामती, विद्यालय शिक्षा, प्रहरी समायोजनजस्ता महत्वपूर्ण विधेयक लामो समयदेखि विचाराधीन छन् । ती विधेयकमाथि सम्बन्धित संसदीय समितिहरूमा छलफल भइरहेको छ ।

### सत्ता...

पुष्टि गर्ने प्रयास सहितको तयारी थालेका हुन् ।

तर, प्रमुख प्रतिपक्षा माओवादी केन्द्रसहित विपक्षी दलहरू अध्यादेशको प्रक्रिया र विषयवस्तु दुवैको विरोध गर्ने जनाउ दिएका छन् । माओवादी केन्द्रसहितसबै विपक्षी दलहरू अध्यादेशको सामूहिक विरोध गर्ने तयारी गरेको छ । सरकारले संसद् छलेर अध्यादेशको शासन चलाउने खोजेको र समितिमा छलफलमा रहेका विषयमा समेत अध्यादेश ल्याएको आरोप उनीहरूको छ ।

अध्यादेश स्वीकृत भएपछि तुरुन्तै सरकारले प्रतिस्थापन विधेयक दर्ता गर्ने भएकाले यस विषयमा सिंगो अधिवेशन नै प्रभावित हुन सक्ने अवस्था देखिएको छ ।

कार्यव्यवस्था परामर्श समितिको मंगलबारको बैठकमा पनि कांग्रेस प्रमुख सचेतक श्यामकुमार घिमिरे र माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डेबीच अध्यादेशका विषयमा विवाद भएको थियो ।

राष्ट्रिय प्रजातन्त्र पार्टी, नेकपा (एकीकृत समाजवादी) सहितका विपक्षी दलले पनि अध्यादेशको विरोध गर्ने तयारी गरेका छन् । संसद्को चौथो दल राष्ट्रिय स्वतन्त्र पार्टीले भने हतार र हतास मनस्थितिमा काम देखाउन अध्यादेश ल्याएको भन्दै प्रक्रिया र नियत खोटपूर्ण रहेको ठहर गरेको छ । तर सदनमा कसरी पेस हुने भन्ने ठोस निर्णय गरेको छैन ।

सरकारले आफ्नो सहजताका लागि संसद् अधिवेशन अन्त्य गरेर वा बोलाउन ढिला गरेर अध्यादेश ल्याउने प्रवृत्ति छ । सरकारमा हुँदा अध्यादेश ल्याउने तर प्रतिपक्षमा हुँदा विरोध गर्ने परिपाटी पनि दलहरूमा छ । अहिले सुरू हुन लागेको संसद् अधिवेशनमा पनि दलहरूको दोहोरो चरित्र देखिने र विरोध तथा प्रतिरक्षा मुद्दामा भन्दा दलीय हिसावकिताब हेरेर हुने निश्चित देखिएको छ ।

माओवादी केन्द्रका उपाध्यक्ष अग्निप्रसाद सापकोटाले विधेयकहरूलाई फास्ट ट्र्याकमा लैजाने कुराले सरकारले अतालिएको देखिएको टिप्पणी गरे । उपाध्यक्ष सापकोटाले संसद् ढिलो बोलाउने र विधेयकहरूलाई फास्ट ट्र्याकमा लैजाने कुराले सरकारले अतालिएको देखिएको जिकिर गरे । उनले दुई तिहाइको सरकारले सदनबाट डराएर बदनियतपूर्ण ढंगले अध्यादेश ल्याएको आरोप लगाउँदै आफ्ना कार्यकर्तालाई जग्गा बाँड्नकै लागि सरकारले भूमिसम्बन्धी अध्यादेश ल्याएको लाबी गरे ।

विपक्षी दलहरूले सरकारले ल्याएको अध्यादेश अस्वीकार गर्ने बताएका छन् । बिहीबार बसेको विपक्षी दलहरूको बैठकले यस्तो निर्णय गरेको हो ।

बैठकपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै (माओवादी केन्द्र)का प्रमुख सचेतक हितराज पाण्डेले सरकारले गलत विधि र प्रक्रिया मार्फत ल्याएको र यसलाई अस्वीकार गर्ने निर्णय भएको बताए । उनअनुसार विपक्षी दलहरूले संसद् बोलाउने बेला नै अध्यादेश ल्याउनु गलत मनशाय रहेको निष्कर्ष निकालेको छ । यस्तै, नेकपा (एकीकृत समाजवाद)ले पनि सरकारले ल्याएको अध्यादेशको विरुद्धमा उत्रिने बताएको छ । उपमहासचिव रामकुमार भट्टराईले भने, 'हामी अध्यादेशको विरोधमा उत्रिन्छौं । सरकारले जंगल र निकुञ्जको जग्गा व्यक्तिलाई बाँड्ने षड्यन्त्र गरेर अध्यादेश ल्याएको छ । सरकार मुट्ठीभर व्यापारीका लागि लागिपरेको छ । महंगी बढाएर जनताको ढाड सेक्ने काम गरेको छ ।'

रास्वपाले पनि अध्यादेशको विरोध गर्दै गठबन्धन निर्माणको घोषित उद्देश्य अनुरुप कुनै पनि नजिता नदेखिएको अवस्थामा संसद् अघि हतास मनस्थितिमा काम देखाउन सरकारले अध्यादेश ल्याएको ठहर छ ।

विपक्षीहरूले अध्यादेशको विरोध जनाउने निर्णय गरेपछि सत्तारुढ दल कांग्रेस र एमालेले त्यसको प्रतिवाद गर्न आफ्ना सांसदहरूलाई निर्देशन दिएका छन् ।

एमाले अध्यक्ष तथा प्रधानमन्त्री शर्माले सदनमा तथ्य र तर्कका आधारमा उपस्थिति जनाउन सांसदहरूलाई निर्देश गरेका छन् । अरुले गलत आरोप र भ्रम छरेमा रचनात्मक र सशक्त प्रतिवाद गर्न पार्टीका सांसदहरूलाई उनको निर्देशन छ ।

**प्रचण्डको दाउ**

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले सडक र सदन दुबैतिरबाट सरकारविरुद्ध रणनीति बनाएका छन् । प्रचण्डकै अगुवाइमा विपक्षी दलहरूले पनि सरकारविरुद्ध निर्मम हुने निष्कर्ष निकालेका छन् ।

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले संविधान संशोधनका नाममा प्राप्त अधिकार खोसिने खतरा उत्पन्न भएको बताइरहँदा समाजवादी मोर्चाकै घटक नेकपा (एकीकृत समाजवादी)ले 'संविधान संशोधन सम्बन्धी अध्ययन कार्यदल' गठन गरेको छ । सत्तारूढ कांग्रेस र एमालेले संविधान संशोधन सुझाव कार्यदल गठनको गृहकार्य अगाडि बढाएपछि नेकपा एसले पनि उपाध्यक्ष प्रकाश ज्वालाको नेतृत्वमा कार्यदल गठन गरेको छ ।

प्रचण्डले सरकारका विगत ६ महिनाका कदम हेर्दा प्रमुख दल र सरकार प्रतिगमनको यात्रामा देखिएकाले समाजवादी मोर्चालाई सशक्त नबनाइए देशलाई दुर्घटनामा पुऱ्याउन सक्ने बताउँछन् ।

अध्यक्ष प्रचण्ड सरकार धेरै लामो नटिक्ने भन्दै मोर्चाबन्दी गरिहेका छन् । यसका लागि उनले समाजवादी मोर्चालाई सक्रिय पारेका छन् । समाजवादी मोर्चाले सरकारविरुद्ध माघ २४ गते राजधानीमा विरोध प्रर्दशन र सभा गर्दैछ ।

संसद्मा नभएको नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी पनि प्रचण्डकै साथमा छ ।

### कांग्रेसभित्र...

विरोध भइरहेको छ । महामन्त्री विश्वप्रकाश शर्माले अभिव्यक्ति स्वतन्त्र कुण्ठित गर्ने विधेयकलाई कांग्रेसले स्वीकार गर्न नसक्ने र विधेयक ल्याउँदा कांग्रेससँग गहन छलफल नगरिएको बताएका छन् ।

रास्वपाले पनि सामाजिक सञ्जाल सञ्चालन, प्रयोग तथा नियमनसम्बन्धी विधेयकको विरोध गरेको छ । 'विधेयकका प्रावधानहरू स्पष्ट रूपमा वाक् तथा अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गर्ने खालका रहेको छ', रास्वपाले भनेको छ ।

### एशोसिएसनले...

बस्नेतलाई उम्मेदवार बनाउने निर्णय गरेको छ ।

सदस्यहरूमा दिपक कुमार राय, विद्यालक्ष्मी बज्रचार्य, देवीप्रसाद गिरी, विश्वास तिमिल्सिना र सुवर्ण लामा गरी ९ जनाको उम्मेदवारी टुंगो लगाएको छ । बिहीबार राति अबेर उक्त निर्णय गरिएको एशोसिएसनका अध्यक्ष दीपक थापाले बताए । तृतीय उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र ५ सदस्य केही दिनमा टुंगो लाग्ने बताइएको छ ।

एशोसिएसनमा अध्यक्षमा फेमस ह्युमन रिसोर्स प्रा.लि.का सञ्चालक चिरञ्जीवी बस्याल, नीलकमल ह्युमन रिसोर्स प्रा.लि.का सञ्चालक मेघनाथ भुर्तेल, सोलार एचआर म्यानेजमेन्ट प्रा.लि.का सञ्चालक प्रज्ञान न्यौपाने, एलाइन्स ह्युमन रिसोर्स प्रा.लि.का सञ्चालक सुजितकुमार श्रेष्ठ, फ्युजन इन्टरनेशनल प्रा.लि.का सञ्चालक कुमुद खनाल र एसआरके ओभरसिज प्रा.लि.का सञ्चालक किशोर केसी गरी ७ जना आकांक्षी थिए ।

प्रथम उपाध्यक्षामा ढकालसहित पशुपति एचआर सोलुसन प्रा.लि.का सञ्चालक सेवन्तराज न्यौपाने, कास्की ओभरसिज प्रा.लि.का सञ्चालक अमरप्रकाश तिवारी, द्वितीय उपाध्यक्षका लागि खोखालीसहित अल जाफर इन्टरनेशनल प्रा.लि.का सञ्चालक महम्मद जवारदिन मियाँ र इन्स्पायर इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा.लि.का सञ्चालक देवीप्रसाद काफ्ले, रेडियन्ट ओभरसिज प्रा.लि.का सञ्चालक शिवकुमार कार्की र इम्प्लोइमेन्ट क्रियसन प्रा.लि.का सञ्चालक हर्कबहादुर लिम्बूको दाबी परेको थियो ।

तृतीय उपाध्यक्षमा भर्षा मेनपावर प्रा.लि.का सञ्चालक रविन मेघाले मगर, सेक्युर जब प्लेसमेन्ट प्रा.लि.का सञ्चालक सुमनराज पाण्डे, हिमालय भ्याली नेपाल प्रा.लि.का सञ्चालक देवीप्रसाद गिरी, जस्मिन ओभरसिज प्रा.लि.का सञ्चालक नवराज भट्टको दाबी परेको थियो ।

महासचिवका लागि ग्लोबल राइजिङ प्लेसमेन्ट प्रा.लि.का सञ्चालक बस्नेत सहित त्रिवेणी ओभरसिज प्रा.लि.का सञ्चालक लक्ष्मण पौडेल, डाइनामिक स्टाफिङ सोलुसन प्रा.लि.का सञ्चालक कर्णराज कटुवाल र साधना इन्टरनेशनल प्रा.लि.का सञ्चालक सोमबहादुर तामाङको दाबी परेको थियो ।

सचिवमा अक्सन इन्टरनेशनल प्रा.लि.का सञ्चालक ईश्वर सापकोटा, उज्यालो ओभरसिज प्रा.लि.का सञ्चालक चन्द्र लिम्बू, टार्गेट कन्सल्टेन्ट प्रा.लि.का सञ्चालक विवश ढुंगाना, शुभहारती मेनपावर प्रा.लि.का सञ्चालक विक्रम श्रेष्ठ, मार्स म्यानपावर प्रा.लि.का सञ्चालक प्रकाश बोहोरा, एचएमटी ओभरसिज प्रा.लि.का सञ्चालक तुलसी पुरी र कोषाध्यक्षका लागि विनर एचआर सोलुसन प्रा.लि.की सञ्चालक हिमा गुरुङ सहितको दाबी परेको थियो । कोषाध्यक्षको निर्णय भएको छैन ।

### भान्तनाको...

व्यावसायिक प्यानल बन्ने भएको छ । आगामी फागुन २ गते हुने संघ कार्यसमितिको निर्वाचनका लागि प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले अध्यक्ष र महासचिवका उम्मेदवार सार्वजनिक गरेको र नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन उम्मेदवार छनोटको आन्तरिक तयारी तीव्र पारिरहेका बेला व्यवसायी भान्तनाले बिहीबार अध्यक्षको उम्मेदवारी सार्वजनिक गरेका हुन् ।

भान्तना संघको प्रथम उपाध्यक्षमा निर्वाचित भएर काम गरिसकेका पुराना व्यवसायी हुन् । उनले आफूले गणतान्त्रिक मञ्च, एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठन र तराई मधेशका व्यवसायी समेटेर संयुक्त व्यावसायिक प्यानल बनाएको र व्यवसायीका समस्या समाधानका लागि क्रियाशील रहने गरी अगाडि बढेको बताए । वैदेशिक रोजगार व्यवसायभित्रका केही संस्थाले परिवर्तित सन्दर्भ बुझ्न नसकेर दम्भ प्रदर्शन गरेको भन्दै आफ्नो समूहमा बहुसंख्यक व्यवसायी समेटिनेसमेत व्यवसायी भान्तनाले दाबी गरे ।

# विद्यालयमै शिक्षक निदाउने गरेको गुनासो



**सत्येन्द्र प्रताप सिंह /मध्यान्ह**
रौतहट, १७ माघ

रौतहटको यमुनामाई माध्यमिक विद्यालयका शिक्षक मदन साहको लापरवाहीप्रति विद्यार्थी तथा अभिभावकहरू आक्रोशित भएका छन् । कक्षा कोठामा पठनपाठन गराउनुको सट्टा शिक्षक आफैं निदाउने गरेको गुनासो स्थानीयहरूले गरेका छन् । विद्यालयका अध्ययनरत विद्यार्थीहरूका अनुसार शिक्षक साह नियमित रूपमा कक्षामा निदाउने गर्छन्, जसले गर्दा पढाइ प्रभावित भइरहेको छ । अभिभावकहरूका अनुसार यस विषयमा विद्यालय प्रशासनलाई पटक-पटक जानकारी गराइए पनि हालसम्म कुनै ठोस कारबाही हुन सकेको छैन ।

एक विद्यार्थीले भने,'हामी राम्रोसँग पढ्न चाहन्छौं, तर शिक्षक कक्षामा आएर निदाउनुहुन्छ । यस्तो अवस्थामा हाम्रो शिक्षा कसरी राम्रो हुन्छ ?' अन्य विद्यार्थीहरूले पनि यही समस्या दोहोरिरहेको बताउँदै विद्यालय प्रशासनसँग समाधानको माग गरेका छन् ।

स्थानीय अभिभावकहरूले यो घटनालाई गम्भीर रूपमा लिँदै सम्बन्धित निकायलाई तत्काल छानबिन गरी उचित कारबाही गर्न माग गरेका छन् । एक अभिभावकले भने, 'हामी आफ्ना बालबालिकालाई राम्रो शिक्षा दिलाउन विद्यालय पठाउँछौं, तर शिक्षक स्वयं गैरजिम्मेवार भइदिँदा विद्यार्थीहरूको भविष्य अन्धकारमा पर्ने खतरा रहेको देखिन्छ ।'

प्रशासनले घटनाबारे जानकारी रहेको बताउँदै आवश्यक छानबिन भइरहेको र उचित कदम उठाइने आश्वासन दिएका हुन् । विद्यालयका एक प्रतिनिधिले भने, 'हामी यस विषयमा आवश्यक कारबाही गर्छौं र पठनपाठनमा कुनै बाधा आउन दिँदैनौं ।' स्थानीय समुदायले अब प्रशासनको निर्णय कुर्नुपर्ने भएपनि शिक्षक साहको लापरबाहीप्रति व्यापक असन्तोष व्यक्त भइरहेका छन् । सम्बन्धित निकायले चाँडो उचित कदम नचाल्ने हो भने अभिभावकहरू आन्दोलन गर्नेसम्मको चेतावनी दिएका छन् ।

# मञ्चबाट पत्रकार महासंघमा निर्वाचितहरूलाई प्रमाणपत्र वितरण

**काठमाडौं/मस-** नेपाल पत्रकार महासंघका केन्द्रीय महासचिव रामप्रसाद दाहालले सामाजिक सञ्जालको सञ्चालन प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता पक्षधरहरूलाई मान्य नभएको बताएका छन् ।

नेपाल पत्रकार मञ्चले नेपाल पत्रकार महासंघको २७औं महाअधिवेशनमा निर्वाचित राष्ट्रिय परिषद् सदस्य एवं प्रदेश परिषद् सदस्यहरूलाई प्रमाणपत्र हस्तान्तरण गर्न आयोजना गरेको कार्यक्रममा प्रमुख अतिथिको आशनबाट बोल्दै महासचिव दाहालले उक्त कुरा बताएका हुन् । महासचिव दाहालले उक्त विधेयक अभिव्यक्ति स्वतन्त्रता विरोधी रहेको बताए ।



प्रस्तावित विधेयकले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई संकुचित गर्ने खतरा रहेको उल्लेख महासचिव दाहालले लोकतान्त्रिक समाजमा सामाजिक सञ्जाल सूचना तथा अभिव्यक्ति आदान-प्रदानको महत्वपूर्ण माध्यम रहेको भएपनि यसलाई कठोर नियन्त्रणमा ल्याउने प्रयास प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथि अतिक्रमणको संकेत हुन सक्ने आशंका व्यक्त गरे ।

महासचिव दाहालले सरकारलाई प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर्न आग्रहका साथ विधेयक फिर्ता लिन आग्रह गर्दै विधेयकलाई संशोधन तथा परिमार्जन नगरी पत्रकार, मानव अधिकारकर्मी, नागरिक समाज तथा सरोकारवालासँग छलफल नगरी विधेयक ल्याइए नागरिक अगुवा संस्थाको रुपमा रहेको पत्रकार महासंघ मौन नबस्ने चेतवानी समेत दिए ।

कार्यक्रममा नेपाल पत्रकार मञ्चका अध्यक्ष युवराज विद्रोहीले पत्रकार तथा संचारमाध्यमले आचारसंहिताको अधिनमा रहेर नागरिकको आवाजलाई सशक्त ढंगले राख्न पर्ने बताए । अध्यक्ष विद्रोहीले स्वतन्त्रताको नाममा कसैले कसैको चरित्रहत्या गर्न नमिल्ने कुरामा पत्रकारहरू सचेत हुनुपर्ने आवश्यक रहेको उल्लेख गर्दै सरकारले ल्याएको विधेयक नागरिकको मौलिक हक, प्रश्न गर्ने अधिकार, बोल्न पाउनु पर्ने अधिकारमाथि बन्देज लगाउन खोजेकोले तत्काल सच्याउनुपर्ने कुरामा जोड दिए ।

महासंघका केन्द्रीय सदस्य मनुका कुंवर, नेपाल पत्रकार महासंघ एसोसिएट प्रदेश समिति अध्यक्ष रोयल आचार्यसमेतको सहभागितामा भएको सो समारोहमा नेपाल पत्रकार मञ्चबाट नेपाल पत्रकार महासंघ राष्ट्रिय परिषद सदस्यमा निर्विरोध निर्वाचित मध्यान्ह दैनिकका सम्पादक मदनकुमार श्रेष्ठका साथै ओमबन्धु कार्की, रमेश प्रसाद घिमिरे एवं प्रदेश परिषद् सदस्यमा निर्वाचित घनश्याम श्रेष्ठ, गीता थापा, सुषमा देवकोटा, मुकुन्द लामिछाने, शिरोमणि दवाडी, सुशीला ढकाल, शिव बल्लभ रेग्मी, शेषमणि शर्मा, गौरव पोखरेल, केशव कुमार बस्नेत र कुमार भण्डारीलाई केन्द्रीय महासचिव दाहालले प्रमाणपत्र हस्तान्तरण गरे ।

पत्रकार मञ्चका उपाध्यक्ष चन्द्रमणि भट्टराईले स्वागत मन्तव्य एवं महासचिव विमल थापाले संचालन गरेको सो समारोहमा नेपाल पत्रकार महासंघ एसोसिएट प्रदेश समिति कोषाध्यक्ष राजेन्द्र प्रजापति, सदस्यद्वय सन्तोष मिश्र एवं सुवास पौडेलगायत विभिन्न संचारमाध्यममा आबद्ध संचारकर्मीहरूको उल्लेख्य सहभागिता रहेको थियो ।

# १३ सरकारी सवारीसाधन कारबाहीमा




**सत्यराज सिंह/मध्यान्ह**
बझाङ, १७ माघ

सार्वजनिक बिदाको दिन अनुमति नलिइ चलाइएका १३ वटा सरकारी सवारीसाधन कारबाहीमा परेका छन् । जिल्ला ट्राफिक प्रहरी कार्यालय बझाङका अनुसार सेतो नम्बर प्लेट भएका सरकारी सवारीसाधनको दुरुपयोग बढ्दै गएकाले कारबाही गरिएको हो ।

सार्वजनिक बिदाको दिन कुनै पनि सरकारी गाडी चलाउनुपरेमा जिल्ला प्रशासन कार्यालयबाट अनिवार्य पास लिनुपर्ने कानुनी व्यवस्था छ । तर, अनुमतिविना नै सरकारी सवारीसाधन चलाएको भेटिएपछि ट्राफिक प्रहरीले कारबाही गरेको हो ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय बझाङका प्रमुख विनोद विष्टले तीनै तहका सरकार, जनप्रतिनिधि र कर्मचारीको हकमा यो कानुन अनिवार्य रूपमा लागू हुने भएकाले यसको उल्लंघन गर्ने जोकोहीलाई कारबाही गरिने बताए । 'सरकारी कामका लागि मात्र प्रयोग गर्नका लागि गाडी खरिद गरिएको हो । तर, व्यक्तिगत प्रयोजनका लागि तथा सार्वजनिक बिदाका दिन पनि ती गाडीको प्रयोग भइरहेको पाइएकाले निगरानी बढाइएको छ,' प्रमुख विष्टले भने । ट्राफिक प्रहरीले बुधबार र बिहीबार गरी १३ वटा सरकारी सवारीसाधन कारबाहीमा परेको जनाएको छ ।


## भूल सुधार

मिति २०८१/१०/१७ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित युएईमा रोजगारको अवसर शीर्षकको कम्पनीको नाम: **IMDAAD L.L.C.**, चलानी नं.: ६०२०७५६६, L.T. No.: **292421**, **पूर्व स्वीकृत मितिः २०८१/०५/२५** को पून विज्ञापनमा कामदारको पद र माग संख्या Office Boy २८ पुरुष, Janitress/cleaners ३४ महिला र Assistant Office Boy १५ पुरुष हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

SHRG सपोर्ट ह्युमन रिसोर्सेज प्रा. लि. श्रम इजाजत पत्र नं.: ६६१/०६३/०६४
सिनामंगल, काठमाडौं, नेपाल, फोन: ४११११२६



## शिलवन्दी दरभाउपत्र प्रक्रियाबाट वन पैदावार विक्रिको सूचना

**तेस्रो पटक सूचना प्रकाशन मिति २०८१/१०/१८**

यस सामुदायिक वन उपभोक्ता समुहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. २६६६ मिति २०८०/११/२९ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरु मध्ये समूहमा आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरुलाई डिभिजन वन कार्यालय बाँकेको मिति २०८१/०७/०४ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका साल, असना, जामुन, धौटी, पानन, बर्रो, तेंदु, गम्हारी लगायत जातका गोलिया थान १४११ को ९८२८.८७क्यू.फि. काठ र साल जातको दाउरा २३ चट्टा, असना, जामुन, धौटी, पानन, बर्रो, तेंदु, गम्हारी जातको दाउरा १० चट्टालाई हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक वन पैदावारको लिलाम बिक्रिमा भाग लिनका लागी डिभिजन वन कार्यालयमा सुचिकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र खरिद गरि १६औं दिनको दिउँसो १२:३० वजेभित्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

**श्री जयदुर्गा भवानी सामुदायिक वन उपभोक्ता समूह राप्ती सोनारी - २ बाँके**



## कतारमा रोजगार

कम्पनी: **CHANGDA CONTRUCTION DOHA** शहर: **DOHA**
पुर्व स्वीकृत मिति: २०८०/०३/१३ चलानी नं.: ६०२०४००७ L.T. No.: 288679 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Mason | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,३५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Carpenter | 6 | 0 | | 1200 | ४४,३५२ | | | | | | | |
| 3. | Electric Tech. | 1 | 0 | | 1200 | ४४,३५२ | | | | | | | |
| 4. | General Supervisior | 3 | 0 | | 2500 | ९२,४०० | | | | | | | |
| 5. | Labour | 11 | 0 | | 1000 | ३६,९६० | | | | | | | |
| 6. | Mason | 4 | 0 | | 1200 | ४४,३५२ | | | | | | | |
| 7. | Plumber | 1 | 0 | | 1200 | ४४,३५२ | | | | | | | |
| 8. | Supervisior | 4 | 0 | | 2500 | ९२,४०० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ माघ २६ गते (7 February 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Regd. No.: 301546/079/080 Govt. Lic. No: 1578/079/80
RP Recruitment Partners Pvt. Ltd.
साविकको नाम: Qatar International Manpower Pvt.ltd.
P.O. Box 7311, Tokha-05, Basundhara, Kathmandu
Ph. No.: 01-5914971, 9851349039
E-mail: info@rpnepal.com



## Lumbini Province Government
## Ministry of Indurstry, Tourism and Transport
# Tourism Division Office
### Kohalpur, Banke, Nepal

**Invitation for Sealed Quotation**

**Date of First Publication: 2081/10/18 (2025/01/31)**

1. The **Tourism Division Office, Banke** invites electronic bids from eligible bidders for the following works under Sealed Quotation (SQ) procedures specified in Public Procurement Act and Regulations. All other information and Bid Documents can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit bid by electronic only with the requested documents within mentioned period. The Name and Identification of the contract are as follows.

| Contract ID No. | Name of Contract | Estimated amt. without VAT & Contingencies in NRs. | Bid Security Amount in NRs. | Bid Fee(Non-Refundable) NRs. |
|---|---|---|---|---|
| BANKE/TDO/WORKS/SQ-31/2081/082 | Bhairav Swavalamban Savings and Loan Co-operative Society Limited Incomplete Building Construction, Barbardiya Municipality Ward No. 4 Padnah, Bardiya | 849,570.82 | 25,000.00 | 1,000.00 |
| BANKE/TDO/WORKS/SQ-32/2081/082 | Construction of Pauranik Sirohia Ghat, Barbardia Municipality Ward no. 6 Manpur, Bardia | 758,160.19 | 25,000.00 | 1,000.00 |
| BANKE/TDO/WORKS/SQ-33/2081/082 | Umeshwori Shiv Mandir Samraksan, Badhaiyaataal R.M.-6, Bardiya | 849,083.93 | 25,000.00 | 1,000.00 |
| BANKE/TDO/WORKS/SQ-34/2081/082 | Construction of Incomplete Building of Tharu Meauseum, Badhaiyaataal-5,Bardiya | 1,281,541.90 | 40,000.00 | 1,000.00 |
| BANKE/TDO/WORKS/SQ-35/2081/082 | Construction of Sanskritik Bhawan, Jhimruk-03, Beware,Pyuthan | 1,676,123.06 | 50,000.00 | 1,000.00 |
| BANKE/TDO/WORKS/SQ-36/2081/082 | Construction of Incomplete Temple of Dewarkaji ,Sisne R.M-06, Aala | 1,277,334.59 | 40,000.00 | 1,000.00 |
| BANKE/TDO/WORKS/SQ-37/2081/082 | Constructruction of Maulakot Picnicspot, Ghorahi-13, Dang | 855,116.65 | 25,000.00 | 1,000.00 |
| BANKE/TDO/WORKS/SQ-38/2081/082 | Construction of Sabha Hal of Sahara Mahila Bahuuddeshiye sahakari sanstha Ltd,Pyuthan Mun-02, Pyuthan | 1,274,839.84 | 40,000.00 | 1,000.00 |
| BANKE/TDO/WORKS/SQ-39/2081/082 | Construction of Hall of Sangharsasil Samajik Udhyemi Mahila Sahakari Ltd., raptisonari-09, Banke | 1,727,094.16 | 50,000.00 | 1,000.00 |
| BANKE/TDO/WORKS/SQ-40/2081/082 | Construction of Gate and Ticket Counter at Jakhera Taal, Lamahi-03, Dang | 1,287,731.21 | 40,000.00 | 1,000.00 |

**Office Chief**



## गैडहवा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यलय
विष्णुपुरा, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

**वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

**प्रकाशन मितिः २०८१/१०/१८**

रुपन्देही जिल्लाको गैडहवा गाउँपालिकाको गैडहवा क्षेत्रमा पर्ने गैडहवा तालबाट साधारण निर्माण मुखी माटोको दिगो संकलन तथा निकासी कार्य गर्न वातावरणीय अध्ययन भई रहेको जानकारी गराईन्छ । प्रस्ताव कार्यान्वयन हुने ताल र अध्ययन गर्दा प्रभावित हुन सक्ने क्षेत्रहरु निम्नानुसार रहेका छन् ।

| प्रस्तावको व्यहोरा | प्रभाव पर्ने जिल्ला/न.पा./वडा नं. |
|---|---|
| गैडहवा क्षेत्रमा पर्ने गैडहवा तालबाट साधारण निर्माण मूखी माटोको दिगो संकलन तथा निकासी कार्य | लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, गैडहवा गाउँपालिका, वडा नं. ४ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली, सांस्कृतिक प्रणाली बीच के कस्तो प्रभाव प्रदछ भनी यकिन गर्न सो स्थानको गा.पा. तथा त्यस क्षेत्रका सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिन हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने निकाय र ठेगानाः**

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| गैडहवा गाउँपालिका<br>गाउँ कार्यपालिकाको कार्यालय<br>विष्णुपुरा, रुपन्देही<br>इमेलः gaidahawagaupalika@gmail.com | दुरदर्शी इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि.<br>सिद्धार्थनगर -०८, रुपन्देही<br>फोन नं : ९८५७०८१८९५<br>ईमेलः consultdurdarshi@gmail.com |



## लुम्बिनी विकास बैंक लिमिटेडको तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने तथा धितो लिलाम बिक्री सम्बन्धी ७ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८१/१०/१८ गतेको मध्यान्ह राष्ट्रिय दैनिक

यस लुम्बिनी विकास बैंक लिमिटेडका विभिन्न शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लिखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, तरताकेता गरिएको एवं राष्ट्रिय दैनिक पत्रिकामा बिभिन्न मितिमा सूचना प्रकाशित गर्दा समेत ऋणको साँवा ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई विकास बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले विकास बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी विकास बैंकको नियमानुसार लिलाम प्रकृया द्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु ८ (आठौं) दिन (बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउने/खोलिने हुँदा) तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, प्रोप्राईटर तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राईटर/सञ्चालक तथा सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि विकास बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त ब्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी विकास बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत अनुरोध गरिएको छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको विवरण |
|---|---|
| १. | **नाम : सुवाल ट्रेड कन्सर्न**<br>दर्ता गर्ने निकाय : नेपाल सरकार उद्योग तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग<br>दर्ता नं. : ७८८६१/०६४/०६५, दर्ता मिति : २०६४/०४/२४<br>स्थायी लेखा नं. ३०२६६८६६१<br>रजिष्टर्ड ठेगाना : का.म.न.पा. - १३, ताहाचल<br>**प्रोप्राईटर : राजु सुवाल**<br>**शाखा कार्यालय : डिल्लीबजार** |

**ब्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : राजु सुवाल**<br>बाबुको नाम : भिम नारायण सुवाल<br>बाजेको नाम : कृष्ण सुवाल<br>ठेगाना : ताहाचल - १३, काठमाडौं<br>ना.प्र.प.नं. : १०७८/२९६<br>जि.प्र.का. काठमाडौं<br>जारी मिति : २०४१/०६/१२ | **२. नाम : अरुण थापा**<br>बाबुको नाम : पृथ्वि बहादुर थापा<br>बाजेको नाम : भिम नारायण सुवाल<br>ठेगाना : बाबरे - ७, दोलखा<br>ना.प्र.प.नं. : २२१०२९<br>जि.प्र.का. दोलखा |

**धितोको विवरण**

सुवाल ट्रेड कन्सर्नको नाममा मालपोत कार्यालय कास्कीमा दर्ता कायम भएको छीनेडाँडा -४, कास्की स्थित कि.नं. ३४०० र ३३९८ को क्षेत्रफल क्रमश: ७७.५० र २५४.३७ व.मि. को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**नोट :** बोलपत्र आवेदन फारम यस बैंकको शाखा कार्यालयहरुबाट रु ५००/-(पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ । लिलाम बिक्री सम्बन्धी सम्पूर्ण शर्त तथा बन्देजहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछन ।

**पुनश्च :**

- उल्लिखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा विकास बैंक आफैंले सकार गर्दा साविकमा विकास बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा विकास बैंक आफैंले सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनु हुने छैन ।
- समितिबाट लिलाम बिक्री सदर भएपछि सम्बन्धित विभाग/शाखाले बोलपत्र स्वीकृत भएको बोलपत्रदातालाई बाँकी रकम जम्मा गर्नको लागि बढिमा ३० दिनको समय दिईनेछ ।
- ऋणीले धितो दिएका फरक फरक सम्पत्तिहरु एकै पटक लिलामीमा निकाल्दा केही सम्पत्तिहरु खरिदको लागि मात्र बोलपत्र पेश भएमा विकास बैंकको हितलाई ध्यानमा राखी ती बोलपत्रहरु स्वीकृत गर्न सकिनेछ ।
- बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको १२:०० बजेसम्म बोलपत्र पेश गर्न सकिने छ । साथै बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको ३.०० बजे प्रतिनिधिहरुको उपस्थितिमा बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समय :**
**२०८१ माघ २४ गते बिहीबार बैंकिङ्ग कारोबार समय सम्म ।**
**बोलपत्र खोलिने मिति र समय : २०८१ माघ २५ गते शुक्रबार १:०० बजे ।**
**बोलपत्र खोलिने स्थान : लुम्बिनी विकास बैंक लिमिटेडको, सम्बन्धित शाखा कार्यालय**

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)
केन्द्रीय कार्यालयः सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं
फोन नं. : ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६, फ्याक्स नं. ०१-४५१३५२६

मध्यान्ह
www.madhyanhadaily.com
१८ माघ २०८१ शुक्रबार
31 January 2025, Friday

## सम्पादकीय

# शक्ति स्वार्थको चेपुवामा संसद

निकै ढिलोगरी संघीय संसदको विधान अधिवेशन शुरू हुँदैछ । गत ३१ भदौमा बजेट अधिवेशन अन्त्य गरेको सरकारले चर्को आलोचनापछि मात्र संसद अधिवेशन बोलाइयो । संसद अधिवेशन नराखे विशेष अधिवेशनको माग गर्ने विपक्षीहरूले चेतावनी नै दिनु परेको थियो । प्रमुख प्रतिपक्षी नेकपा माओवादी केन्द्रको नेतृत्वमा लगभग सबै विपक्षी एकसाथ प्रस्तुत भएर संसद अधिवेशन बोलाउन माग राखेका थिए । विपक्षी ८० सांसद एकठाउँ जुटेपछि बल्ल सरकारले १८ माघबाट संसद अधिवेशन बोलाउने निर्णय गर्‍यो । नत्र प्रधानमन्त्री केपी शर्मा ओली संसद अधिवेशन नबोलाएर अध्यादेशबाट सरकार चलाउने मूडमा देखिन्थे । २६ पुसमा उनले ५ वटा अध्यादेश ल्याएर राष्ट्रपतिबाट जारी गराए । यदि संसदलाई प्रभावकारी बनाउने र जनताप्रति उत्तरदायी सरकार सञ्चालन गर्ने हो भने यो सही बाटो थिएन ।

हिउँदे अधिवेशन बेलैमा बोलाएर विधेयकहरू संसदमा लगिने थियो । विपक्षीहरूलाई सहमत गराएर फटाफट कानुन बनाउँदा अध्यादेशको आवश्यकता पर्ने थिएन । तर सरकारले त्यो बाटो रोजेनन् । संसद छलेर अध्यादेशबाट चल्न नीति अख्तियार गरियो । सरकारले लिएको यस्तो उल्टो बाटोकै कारण ढिलोगरी बस्न लागेको संसद बैठक पनि सहज नहुने संकेत प्रष्ट भइसकेको छ । विपक्षी दलहरूले एकस्वरमा अध्यादेशप्रति विमति जनाउने निर्णय गरिसकेका छन् । त्यसको प्रतिवादमा उत्रने सत्ता साझेदार दलहरूबाट पनि निर्णय भएको छ । त्यसैले संसद बैठकहरूमा आरोप-प्रत्यारोप र शक्ति प्रदर्शन देखिन सक्ने अनुमान गर्न सकिन्छ ।

जबकि सत्तारूढ नेताहरूकै निष्कर्ष अनुसार पनि नागरिकमा उत्पन्न निराशा घटाउन संसदले जनताका पक्षमा नियमित कामहरू गर्नुपर्ने हो । संविधान कार्यान्वयन गर्न आवश्यक कानुनहरू फटाफट बनाउनुपर्ने हो । तर संविधान नै संशोधन गर्ने तयारीमा सत्तारूढ हुँदा अहिलेपनि संविधान कार्यान्वयन गर्न चाहिने कानुनहरू बन्नै बाँकी छ । प्रदेशहरूले प्रहरी पाउने सकेका छैनन्, निजामति कर्मचारी सम्बन्धी कानुन बन्न सकेको छैन । अरू थुप्रै कानुन बन्न बाँकी छ । तर राजनीतिक शक्ति संघर्षका कारण संसद अधिवेशन बोलाउनु नै ठूलो युद्ध जित्नु जस्तो बनिरहेको छ । असाध्यै थोरै समय संसद चल्ने र त्यो बैठक पनि भनाभनमै टुंगिने प्रवृत्तिले निरन्तरता पाउँदै आएको छ । तसर्थ यसपटकको अधिवेशनलाई सकेसम्म बढी प्रभावकारी बनाउनेतर्फ नेतृत्वको ध्यान जान जरूरी छ । त्यो भनेको जनताका एजेण्डा बढी भन्दा बढी उठ्नुपर्छ भने फटाफट कानुनहरू बन्ने बातावरण सिर्जना गरिनुपर्छ ।

# नेपालमा भ्रष्टाचार नियन्त्रणको सवाल

अग्रलेख



● शिव विक 'मिलन'

भ्रष्टाचार कुनै पनि समाजको स्थिरता, आर्थिक प्रगति र जनतामा रहेका विश्वासलाई कमजोर बनाउने गम्भीर समस्या हो । यो समस्या विश्वव्यापी छ, तर नेपाल जस्ता विकासशील देशमा यसको प्रभाव अझ गम्भीर देखिन्छ । नेपालमा भ्रष्टाचार हुनुमा लामो समयदेखि प्रणालीगत समस्या रहँदै आएको पाइन्छ, जसले गर्दा शासन व्यवस्थामा पारदर्शिता र जबाफदेहिता कमजोर भएको छ ।

परिभाषागतरूपमा जाँदा, भ्रष्टाचार भनेको कुनै पनि सार्वजनिक वा निजी क्षेत्रका व्यक्ति वा निकायले आफ्नो पदको दुरुपयोग गरी अवैध लाभ प्राप्त गर्नु हो । यसको स्वरूप घुस लिने-लिने, अनियमितता, शक्तिको दुरुपयोग, पहुँच र नातावाद तथा सरकारी स्रोत र सेवाको दुरुपयोग जस्ता क्रियाकलापमा देखिन्छ ।

### भ्रष्टाचारको अवस्था र स्वरूप

नेपालमा भ्रष्टाचार निकै जटिल समस्या बनेको देखिन्छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा गरिएका विभिन्न अध्ययन तथा अनुसन्धानले नेपाललाई भ्रष्टाचारको उच्च दर भएको मुलुकका रूपमा वर्गीकृत गर्दै आएका छन् । ट्रान्सपरेन्सी इन्टरनेसनलले सार्वजनिक गर्ने भ्रष्टाचार अवधारणा सूचकमा नेपालले सधैँ कमजोर स्थान बनाएको देखिन्छ । भ्रष्टाचारका कारण केही महत्वपूर्ण क्षेत्रहरू प्रत्यक्ष प्रभावित भएको पाइन्छ । जसमा सार्वजनिक सेवा, विकास निर्माण, शिक्षा र स्वास्थ्य, न्याय प्रणालीलगायत छन् ।

आज सार्वजनिक सेवा प्रवाहमा लेनदेनका कुरा सामान्य जस्तै बनेका छन् । जसलाई आम समाजले समेत पचाउने अवस्था बनेका छ । जुन निकै डरलाग्दो अवस्था हो । साथै, कामकाजमा पारदर्शिता र योग्यताभन्दा व्यक्तिगत सम्बन्धलाई प्राथमिकता दिने चलन पनि सामान्य जस्तै छ ।

आज सरकारी बजेटको चरम दुरुपयोगको अवस्था छ । कतिपय परियोजना अध्ययन बिना नै बनेका छन् । एकातिर बनेका परियोजनामा गुणस्तरीयताको सवाल छ भने अर्कोतिर परियोजनामाथि नै प्रश्न उठिरहेका छन् । कुनै ठेकेदारले पैसा लिएर राम्रो काम नगर्नु मात्रै भ्रष्टाचार होइन, आवश्यक नपरेको ठाउँमा पनि बजेट खन्याएर काम गर्नु पनि भ्रष्टाचार हो ।

साथै, ठेक्का प्रक्रिया र सार्वजनिक खरिदमा पनि पारदर्शिताको ठूलो खडेरी छ । सँगै, नीति बनाएर गरिने भ्रष्टाचारको अवस्था पनि भयावह नै छ । जसको अवस्था निकै जटिल प्रकृतिको देखिन्छ । राज्य संरचनामा तलदेखि माथिसम्म नै नीतिगत भ्रष्टाचारको अवस्था विकास हुँदै गइरहेको पाइन्छ ।

### भ्रष्टाचारका मुख्य कारणहरू

नेपालमा भ्रष्टाचार मौलाउनुको मुख्य कारणको रूपमा राजनीतिक अवस्थालाई लिन सकिन्छ । जुन आफैँमा भ्रष्ट हुँदा, त्यसले समग्र संरचनालाई नै भ्रष्ट बनाइरहेको छ । जसको प्रभाव माथिल्लो इकाइदेखि तल्लो इकाइसम्म नै कायम छ ।

चाहे कार्यपालिकाबाट प्रवाह हुने सेवाको कुरा होस् वा न्यायपालिकाले दिने न्यायका कुरा नै किन नहुन्, राजनीतिक प्रभावले जताततै आक्रान्त छ । जहाँ सही र वैठिक तथ्यगत रूपमा होइन, दलगत आँखाबाट गरिन्छ । दलगत पूर्वाग्रह प्रेरित भएर निर्णय गरिन्छ । आज किन सरकारी कार्यालयहरू जनताका निम्ति बोझिला बन्दै छन् ? आज किन न्यायालयप्रति जनतामा विश्वास छैन ? प्रस्ट छ, सबैतिर राजनीतिको घिनलाग्दो प्रभाव छ ।

आज शासन व्यवस्थामा पारदर्शिता र जबाफदेहिता कहीँ कतै छैन । भ्रष्टाचारविरुद्धका कानुन कार्यान्वयन भइरहेको छैन । आज समाजले नै भ्रष्टाचारलाई स्वीकार गर्ने अवस्था बनिरहेको छ । सँगै, भ्रष्टाचार मौलाउनुको कारणको रूपमा हामीले बढ्दो आर्थिक असमानता र बेरोजगारीलाई पनि लिन सक्छौं ।

### भ्रष्टाचारका प्रभावहरू

भ्रष्टाचारले नेपालमा सामाजिक, आर्थिक र राजनीतिक जीवनमा नकारात्मक प्रभाव पारेको छ । आज भ्रष्टाचारकै कारण स्रोतसाधनको दुरुपयोगले विकासका परियोजनाहरू प्रभावित भइरहेका छन् । विकासका परियोजनामा गुणस्तरीयताको प्रश्न गम्भीर गरी उठेको छ ।




भ्रष्टाचार केवल एउटा कानुनी समस्या मात्र नभई यो सामाजिक, राजनीतिक र आर्थिक समस्या हो । यसले समाजमा असमानता, अन्याय र अविश्वासको वातावरण सिर्जना गर्छ । नेपालमा भ्रष्टाचारका कारण विकासका प्रयासहरू अवरुद्ध भएका छन्, जसले गर्दा जनताको जीवनस्तरमा सुधार ल्याउन असम्भवजस्तै बनाएको छ ।

आज कहीँ कतै पारदर्शिता छैन । जसको कारण बाह्य लगानीकर्ता हतोत्साहित बनिरहेका छन् । नेपालमा लगानी गर्न मल्टिनेशनल कम्पनीहरू तयार नहुनुको कारण पनि यही हो ।

आज समाजमा किन वर्गीय असन्तुलन चुलिँदो छ ? जसको जवाफ भ्रष्टाचारबाट पाउँछन् । यसले ठूलो असमानताको अवस्था विकास गराइरहेको छ । आज जनताले शासन प्रणालीमा विश्वास गर्न छाडेका छन् । जसको कारण शासन प्रणालीको भ्रष्ट स्वरूप नै हो ।

### भ्रष्टाचार नियन्त्रणका प्रयासहरू

नेपालमा भ्रष्टाचार नियन्त्रणका लागि सरकार, गैरसरकारी संस्था र अन्तर्राष्ट्रिय निकायहरूले केही कदम चालेका छन् । यद्यपि, ती कदम निकै नै कमजोर खालका छन् । तिनको प्रभाव पर्न सकिरहेको छैन ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार अनुसन्धानमा भूमिका खेलिरहेको छ । भ्रष्टाचार निवारण ऐन २०५९ जस्ता कानुनहरू कार्यान्वयनमा पनि ल्याइएको छ । यद्यपि, अख्तियारमाथि नै प्रश्न उठ्ने अवस्था कायमै छ ।

आज सार्वजनिक खरिद प्रणालीमा सुधार गर्न खोजिएको छ । तर, अपेक्षित छैन । सूचना प्रविधिको प्रयोगले भने प्रक्रियाहरूलाई केही पारदर्शी बनाउन खोजेको पाइन्छ ।

आज सबैभन्दा महत्वपूर्ण कामको रूपमा सामाजिक अभियानहरूलाई लिन सकिन्छ । भ्रष्टाचारविरुद्ध जनचेतना अभिवृद्धि गर्न अभियानहरू सञ्चालन हुँदा भ्रष्टाचार गर्नेका लागि ठूलो असहजता उत्पन्न भइरहेको छ । सँगै, सचेतनामूलक कार्यक्रमहरूले पनि जनतालाई भ्रष्टविरुद्ध बोल्न आँट दिइरहेको छ ।

### भ्रष्टाचार नियन्त्रणका उपाय

भ्रष्टाचार नियन्त्रण नै गर्न सकिन्न भन्ने चाहिँ होइन । केही कदमहरू चाल्न सकिएको खण्डमा भ्रष्टाचार नियन्त्रण गर्न सकिन्छ । जुन अन्यतिरका उदाहरण पनि छन् ।

आज सबैभन्दा महत्वपूर्ण खाँचो कानुनी कार्यान्वयनको छ । भ्रष्टाचारीहरूलाई कडा सजाय दिने कानुन आज चाहिएको छ । सँगै, अनुसन्धान र निगरानी निकायहरूलाई स्वतन्त्र बनाउनु पर्ने देखिन्छ । जहाँ राजनीतिको कुनै छाया नपरोस् ।

सूचना प्रविधिको प्रयोगलाई पनि विस्तार गर्नुपर्ने देखिन्छ । जसले पारदर्शितालाई टेवा पुर्‍याउँछ । सरकारी विवरणहरू सार्वजनिक हुने परिपाटी सूचना प्रविधिले गराउँछ ।

विद्यालय स्तरमै भ्रष्टाचार विरोधी पाठ्यक्रम समावेश गर्नुपर्ने खाँचो देखिन्छ । आज नैतिक शिक्षाको ठूलो अभाव छ । यदि जनस्तरमा इमानदारिता र पारदर्शिताको महत्वबारे गतिलो ज्ञान हुन सकेमा जनता स्वयं पनि जागरूक हुन सक्छन् ।

महत्वपूर्ण अंशको रूपमा राजनीतिक दलहरूको आर्थिक पारदर्शिताको सवाल हो । दलहरूलाई नीतिगत रूपमा पनि पारदर्शी बनाउने गरी लाग्नु अहिलेको आवश्यकता हो ।

### निष्कर्षमा,

भ्रष्टाचार केवल एउटा कानुनी समस्या मात्र नभई यो सामाजिक, राजनीतिक र आर्थिक समस्या हो । यसले समाजमा असमानता, अन्याय र अविश्वासको वातावरण सिर्जना गर्छ । नेपालमा भ्रष्टाचारका कारण विकासका प्रयासहरू अवरुद्ध भएका छन्, जसले गर्दा जनताको जीवनस्तरमा सुधार ल्याउन असम्भवजस्तै बनाएको छ । सरकारी निकायहरू, राजनीतिक नेतृत्व र नागरिक समाज सबैले भ्रष्टाचारलाई सामान्यीकरण गरेको देखिन्छ, जुन हाम्रो सामाजिक र संस्थागत कमजोरीको संकेत हो ।

भ्रष्टाचार नियन्त्रणका लागि दृढ राजनीतिक इच्छाशक्ति, प्रभावकारी कानुनी कार्यान्वयन र नागरिक चेतनाको जागरण अत्यन्त जरुरी छ । सरकारी प्रक्रियामा पारदर्शिता, जबाफदेहिता र सूचना पहुँचको सुनिश्चितता गरी मात्रै सुधार ल्याउन सकिन्छ । साथै, शिक्षाको माध्यमबाट नयाँ पुस्तामा इमानदारी, नैतिकता र जिम्मेवारीको भावना विकास गर्नु दीर्घकालीन समाधान हो । नेपालमा भ्रष्टाचारको अन्त्य केवल सरकारको प्रयासबाट सम्भव हुँदैन । यसका लागि नागरिकहरूले पनि आफ्नो भूमिका निभाउनुपर्छ । घुस नदिने, नलिने र अनुचित कार्यहरूको विरोध गर्न सक्ने साहस जनस्तरमा विकास हुनु जरुरी छ ।

यदि नेपालले भ्रष्टाचारमुक्त प्रणाली स्थापना गर्न सक्यो भने मात्र देशको स्रोत र साधनको सही उपयोग हुनेछ, जसले आर्थिक समृद्धि, सामाजिक न्याय र लोकतान्त्रिक प्रणालीको सुदृढीकरणमा सहयोग पुर्‍याउनेछ । त्यसैले, भ्रष्टाचारविरुद्धको संघर्षलाई सबै तहमा प्राथमिकतामा राखेर सशक्त, इमानदार र पारदर्शी समाजको निर्माण गर्नु अबको समयको माग हो ।

## इतिहासमा आज



३० जनवरी १९४८ को दिन भारतीय नेता महात्मा गान्धीको हत्या भएको थियो । उनलाई हिन्दू अतिवादी नाथुराम गोडसेले महात्मा गान्धीको नयाँ दिल्लीको घरको बगैंचामा हत्या गरेका थिए ।



३० जनवरी १९४५ मा जर्मन समुद्री जहाज विल्हेल्म गुस्टलोफलाई सोभियत पनडुब्बीले डुबाउँदा ९ हजारभन्दा बढी मानिसहरूको मृत्यु भएको थियो । जसलाई सबैभन्दा ठूला सामुन्द्रिक विपत्तीको रुपमा अर्थ्याइने गरिएको पाइन्छ ।



३० जनवरी १९३१ मा चार्ली च्याप्लिनद्वारा निर्देशित अमेरिकी मौन रोमान्टिक हास्य फिल्म 'सिटी लाइट्स'को लस एन्जलस थिएटरमा प्रिमियर भएको थियो । जसमा उनी र भर्जिनिया चेरिलले अभिनय गरेका थिए । जसलाई चार्लीको जीवनकै महत्वपूर्ण फिल्मको रुपमा लिइन्छ ।



३० जनवरी १९३३ को दिन जर्मनका राष्ट्रपति पल भोन हिन्डेनबर्गले एडोल्फ हिटलरलाई जर्मनीको रीच चान्सलर नियुक्त गरेका थिए । जसले पछि फ्रान्ज भोन पापेनसँग मिलेर सरकार गठन गरे ।

# आन्दोलन र सत्ता राजनीति

विचार



● शंकर थापा

सत्ता राजनीतिले देशलाई थिलथिलो बनाएको छ । सत्ताको खेलमा रमाउनु सांसदवादीहरुको नियति बनेको छ । सत्तामा पुगिसकेपछि जनभावना बिर्सिने प्रचलनलाई अन्त्य गर्न राज्यमा जनताको निरन्तर निगरानी र हस्तक्षेपको व्यवस्था गर्नु जरुरी छ ।

सबै समाजहरूको इतिहास वर्ग संघर्षबाटै निर्माण भएको पाइन्छ । सम्पूर्ण राजनीतिक संघर्ष वास्तवमा वर्ग संघर्ष नै हो । वर्ग संघर्ष आर्थिक स्वतन्त्रताको प्रश्नसँग जोडिएको हुन्छ । आदिम साम्यवादको अन्त्यतिर श्रमको उत्पादकत्वमा वृद्धि हुन थालेपछि मानिसहरूले उपयोग गर्नेभन्दा बढी उत्पादन गर्न थाले । भौतिक सम्पत्तिको सञ्चय हुन थाल्यो । त्यही बेलादेखि वर्ग जन्मियो - शोषक र शोषित । तिनका बिचमा भीषण संघर्ष हुन थाल्यो । त्यो दास युग, सामन्तवादी युग, पुँजीवादी युगसम्म निकै टड्कारो र प्रष्टरूपमा चलिरह्यो । जब पुँजीवादी कालमा सर्वहारा वर्गले आफ्नो मुक्तिको दर्शन भेट्टायो, त्यसपछि वर्ग संघर्षको गुणात्मकता बढ्यो ।

सिद्धान्तहरूलाई कार्यक्रमद्वारा संगठनको ताकतमा व्यावहारिक कार्यान्वयन गर्ने मूल दिशा नै कार्यदिशा हो । आदिम साम्यवाददेखि समग्र इतिहास निश्चित नियमद्वारा निर्धारित वर्ग संघर्षको इतिहास हो । कार्यदिशाको निर्माण देशको वस्तुगत अवस्था र अन्तर्राष्ट्रिय परिस्थितिको समेत विश्लेषणका आधारमा हुन्छ । रणनीति र कार्यनीतिको गठ जोड कार्यदिशामा अन्तर्निहित हुन्छ । वर्गसंघर्ष र बल प्रयोगको सिद्धान्तलाई कम्युनिस्ट पार्टीहरूले व्यवहारतः अंगीकार गरेका हुन्छन् । कम्युनिस्ट पार्टीको विकल्पमा लोकतन्त्रलाई आदर्श मान्ने पार्टीहरू लोकतान्त्रीकरणको बाटोमा छन् । राजनीतिक पार्टीको अस्तित्व सिद्धान्त, विचार, नीति र योजनाका आधारमा तय हुन्छ । गरिब तथा उत्पीडित जनताको जीवनभन्दा सत्ताको खेल सजिलो र प्यारो विषय ठान्ने र त्यसकै लागि मरिहत्ते गर्ने पार्टीहरू पनि छन् ।

संसदीय रणनीति भनेको सबै हत्कण्डा अपनाएर चुनाव जित्ने, ठूलो र शक्तिशाली पार्टी बन्ने र सरकार बनाउने हुन्छ । पुँजीपति वर्गको नेतृत्वमा राज्य व्यवस्था सञ्चालन गर्ने, चुनावदेखि चुनावसम्म र सरकारबाट सरकारसम्म पुग्ने अनि राज्यको दोहन गर्ने रणनीति नै संसदीय रणनीति हो । रूपमा धेरै पार्टीहरू देखिए पनि जहिल्यै पनि पुँजीपति वर्ग नै शासक र अन्य सबै शासित हुन्छन् । कम्युनिस्ट रणनीति भनेको वर्गविहीन समाज निर्माण गर्ने सर्वहारावादी रणनीति हो । सर्वहारा वर्गको नेतृत्वमा राज्य व्यवस्था स्थापना गर्दै समाजवाद र साम्यवादसम्म पुग्नु नै कम्युनिस्ट रणनीति हो । संघर्षको बलमा पुँजीवादी कालखण्डको अन्त्यपछि सर्वहारा वर्गको नेतृत्व र उत्पीडित जनताको अधिनायकत्व व्यक्त हुन्छ । जनताको ठूलो बलिदान र लामो संघर्षले ल्याएको परिवर्तनबाट देशको मुहार फेरिने कुरामा जनता विश्वस्त थिए । तर, जनताको त्यो विश्वासमा तुसारापात भएको छ ।

सत्ता राजनीतिले देशलाई थिलथिलो बनाएको छ । सत्ताको खेलमा रमाउनु सांसदवादीहरूको नियति बनेको छ । सत्तामा पुगिसकेपछि जनभावना बिर्सिने प्रचलनलाई अन्त्य गर्न राज्यमा जनताको निरन्तर निगरानी र हस्तक्षेपको व्यवस्था गर्नु जरुरी छ । जनताको नियन्त्रण, हस्तक्षेप र निगरानीको सुनिश्चितता नै असली शासन व्यवस्था हो । जनताको सर्वोच्चताबारे भविष्यमा कुनै पनि प्रकारको आँच नआउने गरी राज्य व्यवस्था स्थापना गर्न सकियो भने मात्रै अबको क्रान्तिको सार्थकता रहन्छ । नेपालमा अहिले संसदीय गणतन्त्र छ । शासन प्रणालीमा प्रधानमन्त्री नै सरकारको प्रमुख हुन्छ, राष्ट्रपति पनि छ, तर नाम मात्रको राष्ट्र प्रमुखको रूपमा । नेपालको राज्य व्यवस्था पुँजीपति वर्गको अधिनायकत्वमा सञ्चालित छ । यहाँका उत्पादनका सबै स्रोत साधन पुँजीपति वर्गकै हातमा छन् । संसदीय गणतन्त्रको आर्थिक आधार मूलतः नोकर शाही पुँजीवाद हो । यो व्यवस्थाले साम्राज्यवादीहरूद्वारा गरिने हाम्रो जस्तो पिछडिएको देशको अर्थतन्त्रको डकैती र ब्रम्हलुटलाई मात्र सघाउँछ । यो व्यवस्थाले राष्ट्रिय पुँजीको विकास गर्दैन, त्यसलाई ठिम्याउँछ, धराशायी बनाउँछ र अन्ततः ध्वस्त पार्दछ । त्यसैले, यसको विकल्प सोच्नु आवश्यक छ । वैज्ञानिक समाजवादी जनक्रान्तिको कार्यदिशाले मात्र यो सत्ताको खेललाई अन्त्य गर्दै वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्न सक्दछ ।


कम्युनिस्ट पार्टीहरूले संसदवादलाई आफ्नो राजनीतिक साधनको रूपमा उपयोग गर्ने भने पनि संसदवादमा स्वयं फसेको अवस्था छ । संसदवादमा फस्दा सत्ताको स्वार्थमा अल्झिनु, भ्रष्टाचारका मुद्दा र सिद्धान्तको विचलनजस्ता कुरा सामान्य बनेका छन् । जसलाई हेर्दा, अहिलेकै प्रक्रियाबाट सुधार सम्भव देखिन्न । त्यस कारण व्यवस्था नबदलेसम्म समस्याको समाधान हुने देखिन्न । अहिलेको कम्युनिस्टहरूको एजेन्डा सत्ताभन्दा जनता हुनु आवश्यक देखिन्छ ।

## सामाजिक सञ्जाल




**सरोज कोइराला**

माधव नेपाल एक पटक प्रधानमन्त्री भएकै थिए । ओलीसँग जोरी नखोजी आफ्नै निजी निवासमा धैर्य गरेर बसेका भए ओलीले नै राष्ट्रपति बनाउँथे । तर, म को को न हुँ भनेर जोरी खोज्ने भए, अहिले आएर राजनीति यिनलाई कान्छा बाबुको अनुहार जस्तो भएको छ । न जित्न सक्छन्, न हार नै स्विकार्न सक्छन् । दोधारमा छन्, बिचरा !




**भीम रावल**

निरंकुशताको अभ्यास अध्यादेश तन्त्रमा अब विधेयक समितिको छलफलमा नजाने रे ! कथित फास्ट ट्र्याक (छोटो बाटो)बाट कानुन बनाउने भन्दै संसदीय प्रणालीको उपहास गरिँदै छ । संसदको अधिवेशन नभइरहेको बेला देश र जनताको लागि तत्काल अत्यावश्यक विषयमा मात्र अध्यादेश ल्याउने हो, मनपरी गर्न होइन ।



**रोशन सिवाकोटी**

बहस यसरी भइरहेको छ कि मानौं नेपालमा पहिलो पटक केबलकार बन्दै छ, हिँडेर जानै रमाइलो, हिँडेरै जाँदा मात्रै धर्म, पहिचान जोगिने आदी, इत्यादि । लाइसेन्स, बनको लिजमा खुल्ला प्रतिस्पर्धा हुनुपर्थ्यो, स्थानीय जनतालाई शेयर दिन सकिन्थ्यो । भ्रष्ट राजनीति र उग्र/बिकाऊ समूहको साझा परिणाम पाथीभरा केबलकार !



**सागर शर्मा**

ताप्लेजुङमा सडक बन्नु हुँदैन । ट्रक चल्छन्, ढाक्रे बेरोजगार बन्छन् । खच्चडले काम पाउँदैनन् । पाथीभरा जान केबलकार त झनै बन्नै हुँदैन, काँधमा मान्छे बोकेर हिँड्ने, कामदारको रोजगार टुट्छ । मुकुम्लुङ्को नाममा राजनीति गरेर आस्थामाथि खेलबाड नगरौं । पूर्वाधार विकासले सबैलाई राम्रो हुन्छ ।

# ‘मौलिक हक कार्यान्वयन गर्न देशको आर्थिक अवस्था सुदृढ हुन आवश्यक’

**कुलेन्द्र शाही / मध्यान्ह**
सुर्खेत, १७ माघ




कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले संविधानमा लेखिएको सबै मौलिक हक कार्यान्वयन गर्न देशको आर्थिक अवस्था सुदृढ हुन आवश्यक रहेको बताएका छन् ।

बिहीबार सुर्खेतमा निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) कर्णाली प्रदेशको चौथो अधिवेशनको उद्घाटन गर्दै उनले नेपालको संविधानमा धेरै राम्रो र जनताको प्रतिनिधित्व गर्ने कुराहरू लेखिएको भए पनि अहिलेको देशको आर्थिक अवस्थाले गर्दा सबै कुराहरू पूरा गर्ने अवस्थामा सरकार नरहेको बताए ।

सरकारलाई संविधानमा लेखिएका सबै मौलिक हक पूरा गर्ने अवस्थामा पुऱ्याउन समय लाग्ने र त्यसतर्फ सरकार गएको मुख्यमन्त्री कँडेलले उल्लेख गरे । देश हामी सबैको भएकाले हामी सबै मिलेर देशको आर्थिक अवस्था सुधार गर्ने र देशमा नै रोजगारीको सिर्जना गर्ने काममा लाग्नुपर्ने दायित्व सबैको भएको मुख्यमन्त्री कँडेलको भनाइ थियो ।

देशको विकास सरकारले एक्लैले भन्दा पनि निजी क्षेत्रसहित सबै मिलेर गर्नुपर्ने उनले बताए । प्रदेश सरकार जिम्मेवारीका साथ शिक्षा क्षेत्रको विकासमा लागेको बताउँदै उनले त्यसमा निजी क्षेत्रले पनि शिक्षा क्षेत्रमा देखिएको समस्या समाधान गर्न सकारात्मक भूमिका खेल्नुपर्ने बताए ।

कार्यक्रममा सामाजिक विकास मन्त्री घनश्याम भण्डारी, निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल प्याब्सनका केन्द्रीय अध्यक्षसहित शिक्षक तथा विद्यार्थीहरूको सहभागिता रहेको थियो ।

# न्यूरोको अत्याधुनिक मोडुलर अपरेशन थिएटर

## एकैपटक पाँच शल्यक्रिया गर्न सकिने

**जुनु भट्टराई / मध्यान्ह**
विराटनगर, १७ माघ



विराटनगरस्थित न्यूरो हस्पिटलले अत्याधुनिक उपकरण जडान गरिएको ‘मोडुलर अपरेशन थिएटर’ संचालनमा ल्याएको छ । बिहीबार अस्पतालले एक कार्यक्रम आयोजना गरी उक्त अप्रेशन थिएटर सञ्चालनमा ल्याएको हो ।

एकैपटकमा पाँच वटासम्म शल्यक्रिया गरिन सक्ने एउटा छानामुनि रहेको मोडुलर अपरेशन थिएटरको उद्घाटन अस्पतालका अध्यक्ष डा. विरेन्द्र कुमार विष्ट र निर्देशक अनिशा विष्टले संयुक्त रुपमा गरेका हुन् ।

संचालनमा आएको नयाँ मोडुलर अपरेटिङ थिएटरमा अत्याधुनिक उपकरणहरु जडान गरिएकाले एकै समयमा पाँच वटासम्म शल्यक्रिया गर्न सकिने अस्पतालका अध्यक्ष डा.विष्टले बताए ।

बिरामीहरुले अपरेशनको लागि प्रतिक्षा गर्नुपर्ने बाध्यताको अन्त्य गर्न साथै अस्पतालमा शल्यक्रियाको लागि प्रयोग हुने साधनहरूको अधिकतम उपयोग गर्न उक्त थिएटरको महत्वपूर्ण भूमिका हुने उनले बताए ।

‘बिरामीको हकमा यसले संक्रमणको जोखिम कम गर्न मद्दत गर्दछ र बिरामीको सुरक्षा र हेरचाहको लागी चाहिने उच्चतम मापदण्डहरू पुरा गर्दछ,’ अध्यक्ष विष्टले भने, ‘मोडुलर अपरेशन थिएटर नया सोच र निरन्तर सुधारतर्फको हाम्रो प्रतिबद्धताको प्रतीक हो । हामी समाजलाई नवीनतम चिकित्सा प्रविधि भित्र्याएर हर सम्भव उत्कृष्ट हेरचाह प्रदान गर्न समर्पित छौं ।’

शल्यक्रियाका लागि चाहिने नवीनतम उपकरणहरू र त्यसलाई सहयोग गर्ने अत्याधुनिक प्रणालीहरु जडित रहेकोले यसले जटिल र विविध प्रकारका शल्यक्रियाहरु गर्न मद्दत पुग्ने अस्पतालका अपरेशनल डाइरेक्टर राजेश भट्टराईले बताए । भर्खरै अस्पतालमा सेवा दिन वरिष्ठ न्यूरोसर्जन डा.रोशन खतिवडा तथा वरिष्ठ न्यूरोसर्जन डा. सुनील कुमार दासको प्रवेश भएको जानकारी दिँदै अस्पतालका अपरेशनल डाइरेक्टर भट्टराईले भने ‘अस्पतालमा नयाँ चिकित्सकहरुको आगमनले हामी नयाँ नयाँ पद्दतीका शल्यक्रियाहरु गर्न सक्षम हुनेछौं भन्ने हाम्रो विश्वास छ ।’

त्यस बाहेक अस्पतालमा न्यूरो सर्जनका रुपमा डा. आशिष जंग थापा, डा. आलोक झा, बरिष्ठ अर्थोपेडिक सर्जन प्रो. डा. नविन कुमार कर्ण, बरिष्ठ अर्थोपेडिक सर्जन डा. अमित देब, बरिष्ठ जि.आई तथा ल्याप्रोस्कोपिक सर्जन डा.सदिप खुनिया, जनरल सर्जन डा.प्रज्वल खतिवडा, युरो सर्जन डा.पुरुषोत्तम पराजुली, इएनटी सर्जन डा. रोशन आचार्य, डेन्टल सर्जन डा. अमित प्रताप शाह, बरिष्ठ प्रसुती तथा स्त्री रोग बिशेषज्ञ प्रा.डा. शैलजा क्षेत्री श्रेष्ठ, डा. निशा अधिकारी लगायतका सर्जनहरुको विशेषज्ञ टोली रहेको छ । त्यसैगरी बिरामीहरुको अपरेशनलाई सहज बनाउन एनेस्थेसियोलोजिष्टको रुपमा डा. मन्जिल श्रेष्ठ, डा. अर्जुन क्षेत्री, डा. लोकेन्द्र मण्डलको पूर्णकालिन सेवा रहेको छ ।

# जातीय विभेद अन्त्य गर्न अन्तरजातीय विवाह

**सुशील दर्नाल / रासस**
काठमाडौं, १७ माघ



सामाजिक अभियान्ताद्वय इटहरी-५ आर्दशटोल निवासी उमेश सेन्चुरी (विश्वकर्मा) र इटहरी-५ जनताबस्ती निवासी मिरा रेग्मीबीच अन्तरजातीय मागी विवाह भएको छ ।

दुई परिवारको राजीखुसीका साथ इटहरी लायन्स क्लवको भवनमा हिन्दु परम्परा अनुसार उनीहरुको विवाह भएको हो । बाल्यकालदेखि सकारात्मक परिवर्तनको अभियानमा सक्रिय उमेश र मिराको परिवार उनीहरुको विवाह भएकोमा खुसी छन् । उमेशले भने, ‘हामी दुवै जना सकारात्मक परिवर्तन गर्नुपर्छ भनेर सानैदेखि समाजमा हुने सामाजिक विभेदको विरुद्धमा आवाज उठाउँदै आएका छौं, समाज रुपान्तरण गर्न परिवर्तन आफैँबाट सुरु गर्नुपर्छ भन्ने उद्देश्यले पनि हामीले अन्तरजातीय विवाह गरेका हौं ।’

दलित समुदाय र गैरदलित बीचको जातीय भेदभाव तथा छुवाछूत जिवित रहेको अवस्थामा उनीहरुले समाजमा सकारात्मक सन्देश दिनका लागि पनि विवाह बन्धनमा बाधिँएको बताएका छन् ।

‘अझै पनि नेपाली समाजमा दलित र गैरदलित बीच मागि विवाह हुने अवस्था आएको छैन, विभेद कायमै छ, तर हामीले दलित र गैरदलित बीचको खाडललाई पन्छाउँदै दुवै परिवारलाई मनाउन सफल भयौँ’, उमेशले भने ।

आफूहरुले जस्तै अन्तरजातीय मागि विवाहको सुरुवात सबै युवा पुस्ताले गरेको खण्डमा विभेदपनि विस्तारै कम हुँदै जाने बताएका छन् ।

फत्तेपुर ७ सैँयापुर बाँकेका २१ वर्षीय सुकलाल विष्ट र त्यही सोही ठाउँकी नरमती विकबीच परिवारकै सहमतिमा भर्खरै अन्तरजातीय विवाह भएको हो ।

उनीहरुले परिवारको सहमतिमा मागेरै धुमधाम बिहे गरेका हुन । उमेश, मिरा, सुकलाल र नरमती समाजमा विद्यमान जातीय भेदभाव तोड्का लागि अन्तरजातीय मागि विवाह गर्ने उदाहरण मात्रै हुन । पछिल्लो समयमा परिवारकै सहमतिमा अन्तरजातिय विवाह गर्ने क्रम बढ्दै गएको छ ।

पछिल्लो समयमा स्थानीय सरकारले अन्तरजातीय विवाह गर्ने जोडिलाई प्रोत्साहन स्वरुप सम्मान पनि गर्दै आएको छ । गोरखाको भीमसेन थापा गाउँपालिकाले अन्तरजातीय विवाह गर्ने उन्नाइस जोडीलाई सम्मान गरेर उदाहरणीय काम गरेको छ । जातीय छुवाछुत र भेदभावको पूर्णरुपमा अन्त्य गर्दै अन्तरजातीय विवाहलाई प्रोत्साहन गर्न दलित र गैह्रदलितबीच विवाह भएका जोडीलाई सम्मान गरेको गाउँपालिकाले जनाएको छ । ५८ औं अन्तर्राष्ट्रिय जातीय विभेद उन्मुलन दिवसको अवसरमा नेपाल उत्पीडित जातीय मुक्ति समाज स्याङ्जाले अन्तरजातीय विवाह गर्ने जोडिलाई सम्मान गरेको छ ।

जातीय मुक्ति समाज स्याङ्जाले जिल्लाभरिबाट ७७ अन्तरजातीय विवाह गर्ने जोडिलाई सम्मान गरेको हो । नेपाली कांग्रेसका नेता जीवन परियारले दलित र गैरदलितबीचको अन्तरजातीय विवाह छुवाछूत तथा विभेद न्यूनीकरण गर्ने एउटा माध्यम भएको बताउँदै अन्तरजातीय विवाह गर्ने जोडीलाई संघीय र प्रदेश सरकारले पनि सम्मानलगायत प्रोत्साहनका कार्यक्रम ल्याउनुपर्ने धारणा राखे ।

तत्कालिन प्रधानमन्त्री माधव कुमार नेपालको पालामा दलित र गैरदलितबीच विवाह गर्ने जोडीलाई प्रोत्साहन स्वरुप एक रुपैयाँ दिने कार्यक्रमलाई निरन्तरता दिनुपर्ने उनको भनाइ छ । प्रा. मधुसुदन सुवेदीले पछिल्लो समयमा जात व्यवस्था क्रमश: कमजोर बन्दै गएको र जुन लोकतन्त्रको लागि सकारात्मक पक्ष भएको टिप्पणी गरे ।

उनले भने, ‘जात व्यवस्थाको महत्वपूर्ण पक्ष ‘सजातीय’ विवाह हो, सजातीय विवाह व्यवस्था बलियो रहेसम्म जात व्यवस्था कमजोर हुन सक्दैन, जात व्यवस्था कमजोर नभए लोकतन्त्र बलियो हुँदैन, बिगतको तुलनामा अन्तरजातीय विवाहको संख्या र घर तथा माइतीपक्षको स्वीकार्यता पनि पढ्दो छ, यो राम्रो पक्ष हो । पहिले उपाध्याय बाहुन र जैसी वा कुमाई बाहुनको बीचमा पनि विवाह हुन कठिन हुन्थ्यो ।’

सभासद् विनोद पहाडीले दलित समुदायले भोग्दै आएको जातीय भेदभाव तथा छुवाछूत अन्त्य गर्नका लागि पनि दलित समुदायबारे संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्नुमा जोड दिए ।संविधानको प्रस्तावनामा ‘सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गर्ने’ भनिएको छ । धारा ४० मा ‘राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागि हुने हक हुनेछ’ भनिएको छ । संविधानको धारा २४मा ‘कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाती, समुदाय, पेसा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनैपनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव गरिने छैन’ भन्ने व्यवस्था गरिएको छ ।


## वर्गीकृत डिस्प्ले

### मोटरसाईकल हराएको सूचना

मिति २०८१/१०/१३ गते अ. १९:०० बजेको समयमा का.जि.का.म.न.पा.-८, पशुपतिस्थित पार्किङ गरि राखेको बा.प्र. ०२–०४६ प ८१३१ नम्बरको कालो/रातो रङको 220F CC पल्सर मोटरसाईकल हराएकोले फेला पार्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खवर गरिदिनुहोला ।

**ऋणिको नाम** : भिम ब. श्रेष्ठ
**च्यासिस नं.**: MD2A13EX9NCM 84470
**इन्जीन नं.**: DKXCNM 38809
**सम्पर्क** : **९८६१०३६३१८**

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/१०/१८**

**ए.आई. हिमालयन प्रा.लि.** को २०८१/१०/०७ गते सम्पन्न वार्षिक/ विशेष/ साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **योनोभा टेक्नोलोजिज प्रा.लि. (प्रा.लि. नं.: ३१८५५६)** कायम गर्ने गरी मिति २०८१/१०/०९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### काठ/दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८१/१०/१८**

श्री शिद्धबाबा सामुदायिक वन उपभोक्ता समूह गौरीगंगा-४, कैलालीको वनबाट उत्पादन भई समूहको घाटगद्दीमा विभिन्न लट बनाई राखिएको साल र असना जात समेत गरी काठ गोलिया थान ९१ को ७९१.१६ घन फिट जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री शिद्धबाबा सामुदायिक वन उपभोक्ता समूह, गौरीगंगा-४, खुरखुरिया, कैलाली**

## Invitation of Bids

**Karnali Province Government**
**Ministry Of Industry, Tourism, Forest & Environment**
**Province Forest Directorate**
**Division Forest Office**
**Rukum West**
**First Date Of Publication: 2025 January 31 (2081-10-18)**

1. Division Forest Office Rukum West invites the electronic bid from Nepalese eligible bidders for the procurement of the following project.

| S. N. | Contract Identification no. | Description of work | Cost of bidding document | Amount of bid security | Estimated Amount Rs. | Last Date & Time of bid submission | Bid opening date & time |
|---|---|---|---|---|---|---|---|
| 1. | NCB/DFORW/ WORK/02/2081/082 | Construction of Chaurjahari Tourism Infrastructure Development Project, Chaurjahari-2 & 4, Rukum West. | 3000 | 3,60,000 | 1,22,76,754.16 (Without VAT & PS) | 12:00 noon on 2081-11-19 | 13:00 noon on 2081-11-19 |
| 2 | SQ/DFORW/ WORK/04/2081-082 | Tourims Infrastructure Development Project Chaurjahari 6, Rukum West | 1000 | 40,000 | 12,84,879.91 (Without VAT & Contingencies) | 12:00 noon on 2081-11-04 | 13:00 noon on 2081-11-04 |

Information to deposit the cost of bidding document in Bank:
Name of the Bank: Nepal Bank Ltd.
Name of the Office: Division Forest Office Rukum West
Office Code no: 3070259016
Office Account no: 27502000001001000001
Rajaswa (revenue) Shirshak no: 14229

Information to deposit the cost of Bid Security in Bank:
Bank Name: Nepal Bank Ltd.
Bank Address: Rukum West
Office Name: Pradesh Lekha iekai karyalaya, Rukum West
Account Number: 07702000002003000001
Office Code: 30702590

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of *Division Forest Office Rukum West* or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

**Divisional forest Officer**

## लुम्बिनी विकास बैंक लिमिटेडको तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने तथा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८१/१०/१८ गतेको मध्यान्ह राष्ट्रिय दैनिक

यस लुम्बिनी विकास बैंक लिमिटेडका विभिन्न शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लिखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, तरताकेता गरिएको एवं राष्ट्रिय दैनिक पत्रिकामा बिभिन्न मितिमा सूचना प्रकाशित गर्दा समेत ऋणको साँवा ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई विकास बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले विकास बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी विकास बैंकको नियमानुसार लिलाम प्रकृया द्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु २२ (बाइसौं) दिन (बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउने/खोलिने हुँदा) तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, प्रोप्राईटर, धितो/जमानी दिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राईटर/सञ्चालक, धितो/जमानी दिनुहुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि विकास बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त ब्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी विकास बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत अनुरोध गरिएको छ ।

### तपसिल

| क्र.सं. | ऋणीको विवरण |
|---|---|
| १. | **नाम : रिग्दी खोला ढुँगा खानी उद्योग प्रा.लि.**<br>दर्ता गर्ने निकाय : नेपाल सरकार, उद्योग, पर्यटन, तथा वातावरण मन्त्रालय<br>दर्ता नं. : १३४०८८/०७१/७२, दर्ता मिति : २०७१/१२/१६<br>**संचालक/शेयरधनी/प्रोप्राइटर : विर बहादुर कुमाल र विष्णु बहादुर कुमाल**<br>**शाखा कार्यालय : नारायणगढ** |
| | **व्यक्तिगत जमानत दिनेको विवरण** |
| | **१. नाम : विर बहादुर कुमाल**<br>बाबुको नाम : बुद्ध सि कुमाल<br>बाजेको नाम : ठुलो काले कुमाल<br>ठेगाना : भरतपुर - २, चितवन<br>हाल : भरतपुर - ११, चितवन<br>ना.प्र.प.नं. : ७०४<br>जि.प्र.का. चितवन<br>जारी मिति : २०३८ /१० /३० |
| | **२. नाम : विष्णु बहादुर कुमाल**<br>बाबुको नाम : बुद्ध सिं कुमाल<br>बाजेको नाम : ठुलो काले कुमाल<br>ठेगाना : भरतपुर - ११, चितवन<br>ना.प्र.प.नं. : ९३९८/०४४।४५<br>जि.प्र.का. चितवन<br>जारी मिति : २०६०/०२ /१३ |
| | **३. नाम : ज्ञान बहादुर कुमाल**<br>बाबुको नाम : वीर बहादुर कुमाल<br>बाजेको नाम : बुद्ध सिं कुमाल<br>ठेगाना : भरतपुर - ११, चितवन<br>ना.प्र.प.नं. : ९३९७/०४४<br>जि.प्र.का. चितवन<br>जारी मिति : २०५६/०६ /१९ |
| | **४. नाम : शान्ती माया कुमाल**<br>पतिको नाम : ज्ञान बहादुर कुमाल<br>ससुराको नाम : विर बहादरु कुमाल<br>ठेगाना : भरतपुर - ११, चितवन<br>ना.प्र.प.नं. : १८३४७<br>जि.प्र.का. चितवन<br>जारी मिति : २०६२/०७ /०९ |
| | **५. नाम : संगिता पाल्पालि**<br>पतिको नाम : बिष्णु बहादुर कुमाल<br>ससुराको नाम : बुद्ध सिं कुमाल<br>ठेगाना : तमसरिया - ९, नवलपरासी<br>हाल : भरतपुर - ११, चितवन<br>ना.प्र.प.नं. :४८२६७<br>जि.प्र.का. नवलपरासी<br>जारी मिति : २०६२/०७ /२७ |
| | **६. नाम : सुक माया कुमाल**<br>पतिको नाम : विर बहादुर कुमाल<br>ससुराको नाम: बुद्ध सि कुमाल<br>ठेगाना : भरतपुर - ११, चितवन<br>ना.प्र.प.नं. : ७०५<br>जि.प्र.का. चितवन<br>जारी मिति : २०४४/१० /२९ |
| | **धितोको विवरण** |
| | रिग्दी खोला ढुँगा खानी उद्योग प्रा.लि. को नाममा मालपोत कार्यालय भरतपुर, चितवनमा दर्ता श्रेष्ता कायम रहेको भरतपुर - २/ख चितवन स्थित कित्ता नं. ७९४३ को क्षेत्रफल १३९२.५८ को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| | **ऋणीको विवरण** |
| २. | **नाम : दिनेश रिजाल**<br>बाबुको नाम : ज्ञान प्रसाद रिजाल, बाजेको नाम : रुद्र प्रसाद रिजाल<br>ठेगाना : थानापति - ८, नुवाकोट, हाल : शिवपुरी - ८, नुवाकोट<br>ना.प्र.प.नं. : २५१०५८/७७, जि.प्र.का. नुवाकोट, जारी मिति : २०६५/०८/०१<br>**शाखा कार्यालय : ढिकुरे** |
| | **व्यक्तिगत जमानत दिनेको विवरण** |
| | **१. नाम : ज्ञान प्रसाद रिजाल**<br>बाबुको नाम : रुद्र प्रसाद रिजाल<br>बाजेको नाम : केशवलाल रिजाल<br>ठेगाना : थानापति - ८, नुवाकोट<br>हाल : शिवपुरी - ८, नुवाकोट<br>ना.प्र.प.नं. : २०९०, जि.प्र.का. नुवाकोट<br>जारी मिति : २०४४/११/१२ |
| | **२. नाम : खड्ग कुमारी रिजाल**<br>पतिको नाम : ज्ञान प्रसाद रिजाल<br>ससुराको नाम : रुद्र प्रसाद रिजाल<br>ठेगाना : थानापति - ८, नुवाकोट<br>हाल : शिवपुरी - ८, नुवाकोट<br>ना.प्र.प.नं. : २०८७ , जि.प्र.का. नुवाकोट<br>जारी मिति : २०४४/११/१२ |
| | **३. नाम : नवराज रिजाल**<br>बाबुको नाम : ज्ञान प्रसाद रिजाल, बाजेको नाम : रुद्र प्रसाद रिजाल<br>ठेगाना : थानापति - ८, नुवाकोट, हाल : शिवपुरी - ८, नुवाकोट<br>ना.प्र.प.नं. : २५३०५६/५४० जि.प्र.का. नुवाकोट, जारी मिति : २०६३/११/१६ |
| | **धितोको विवरण** |
| | दिनेश रिजालको नाममा मालपोत कार्यालय विदुर, नुवाकोटमा दर्ता रहेको सुनखानी - ५, नुवाकोट स्थित कित्ता नं. १६६७ को क्षेत्रफल ५-०-०-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ३. | **नाम : अब्दुल हकिम मुसलमान**<br>बाबुको नाम : अब्दुल मोबिन मु., बाजेको नाम : हैसियत<br>ठेगाना : हथौसा - ६, कपिलवस्तु, हाल : वाणगंगा - ११, कपिलवस्तु<br>ना.प्र.प.नं. : ३८-०१-०६७-०९४८६, जि.प्र.का. कपिलवस्तु<br>जारी मिति : २०६७/१०/२६, **शाखा कार्यालय : गजेहडा** |
| | **व्यक्तिगत जमानत दिनेको विवरण** |
| | **१. नाम : साफीरुन निसा**<br>पतिको नाम : अब्दुल मोविन मु.<br>ससुराको नाम : हैसियत<br>ठेगाना : हथौसा - ६, कपिलवस्तु<br>हाल : वाणगंगा - ११, कपिलवस्तु<br>ना.प्र.प.नं. : ३९९<br>जि.प्र.का. कपिलवस्तु<br>जारी मिति : २०४६/०३/२० |
| | **२. नाम : अब्दुल मोबिन मुसलमान**<br>बाबुको नाम : हैसियत<br>बाजेको नाम : अब्दुल मु.<br>ठेगाना : हथौसा - ६, कपिलवस्तु<br>हाल : वाणगंगा - ११, कपिलवस्तु<br>ना.प्र.प.नं. : १६४०-१-०९-५७८६३<br>जि.प्र.का. कपिलवस्तु<br>जारी मिति : २०३५/०५/३० |
| | **३. नाम : अब्दुल नसिम मुसलमान**<br>बाबुको नाम : अब्दुल मोबिन मु., बाजेको नाम : हैसियत<br>ठेगाना : वाणगंगा - ११, कपिलवस्तु<br>ना.प्र.प.नं. : ३८-०६-७४-००४४२, जि.प्र.का. कपिलवस्तु<br>जारी मिति : २०७४/०२/०१ |
| | **धितोको विवरण** |
| | अब्दुल मोविन मुसलमानको नाममा मालपोत कार्यालय तौलिहवा, कपिलवस्तुमा दर्ता रहेको हथौसा - ६ ख, कपिलवस्तु स्थित कित्ता नं. १०६ को क्षेत्रफल ०-१-४ को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |

**नोट** : बोलपत्र आवेदन फारम यस बैंकको शाखा कार्यालयहरुबाट रु ५००/-(पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ । लिलाम बिक्री सम्बन्धी सम्पूर्ण शर्त तथा बन्देजहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछन ।

**पुनश्च :**

- उल्लिखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा विकास बैंक आफैंले सकार गर्दा साविकमा विकास बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा विकास बैंक आफैंले सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनु हुने छैन ।
- समितिबाट लिलाम बिक्री सदर भएपछि सम्बन्धित विभाग/शाखाले बोलपत्र स्वीकृत भएको बोलपत्रदातालाई बाँकी रकम जम्मा गर्नको लागि बढिमा ३० दिनको समय दिईनेछ ।
- ऋणीले धितो दिएका फरक फरक सम्पत्तिहरु एकै पटक लिलामीमा निकाल्दा केही सम्पत्तिहरु खरिदको लागि मात्र बोलपत्र पेश भएमा विकास बैंकको हितलाई ध्यानमा राखी ती बोलपत्रहरु स्वीकृत गर्न सकिनेछ ।
- बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको १२:०० बजेसम्म बोलपत्र पेश गर्न सकिने छ । साथै बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको ३.०० बजे प्रतिनिधिहरुको उपस्थितिमा बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समय :**
**२०८१ फाल्गुण ८ गते बिहीबार कार्यालय समय सम्म ।**
**बोलपत्र खोलिने मिति र समय : २०८१ फाल्गुण ९ गते शुक्रबार १:०० बजे**
**बोलपत्र खोलिने स्थान : लुम्बिनी विकास बैंक लिमिटेडको, सम्बन्धित शाखा कार्यालय**

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा

**(नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको इजाजतपत्रप्राप्त संस्था)**
**केन्द्रीय कार्यालयः सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं**
**फोन नं. ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६,**
**फ्याक्स नं. ०१-४५१३५२६**

# इन्डो नेपाल सुजन म्युजिक अवार्ड दिल्लीमा सम्पन्न




**काठमाडौं/मस-** 'इन्डो नेपाल सुजन म्युजिक अवार्ड-२०२४' भारतको राजधानी नयाँ दिल्लीमा सम्पन्न भएको छ। सो अवसरमा विभिन्न विधाहरुमा विजेता कलाकारहरुलाई अवार्ड प्रदान गरिएको थियो ।

उक्त कार्यक्रममा लोकदोहोरी गायिका एवं मोडल रिया रेग्मी अवार्ड विजेता बनेकी छन् । रियाले 'रहरै भो' गीतबाट सर्वोत्कृष्ट नयाँ मोडलमा अवार्ड हात पारेकी हुन् । उनले आफ्ना प्रतिस्पर्धीहरुलाई पछाडि पार्दै अवार्ड हात पार्न सफल भएकी हुन् । कलाकारिताको क्षेत्रमा प्रवेश गरेको दुई वर्षमै रियाले यो अवार्डसहित धेरै सफलता हात पार्न सफल भएकी छन् ।

विजेता रियालाई वरिष्ठ गायिका शर्मिला गुरुङ, वरिष्ठ गायक इन्द्र जिसीलगायतले संयुक्तरूपमा बेष्ट म्युजिक भिडियो मोडलको अवार्ड प्रदान गरेका थिए। कार्यक्रममा विभिन्न ३३ विधामा अवार्ड वितरण गरिएको थियो । कार्यक्रममा बोल्दै सुजन म्युजिक प्रा.लि.की अध्यक्ष जमुना रानाले भारतमा नेपालीहरुको अवार्ड कार्यक्रम यो दोस्रो पटक आयोजना गरिएको बताइन् । नेपाल र भारतमा रहेका संगीतकर्मीहरुको नेपाली गीतसंगीतप्रतिको योगदानलाई सम्मान गर्न यस वर्ष पनि अवार्ड कार्यक्रम गरिएको उनले बताइन् । भोटिङको आधारमा विजेता घोषणा गरिएको थियो ।

# नामको विवाद टुंगियो, 'एक्टर : टेक वान' आजबाट प्रदर्शनमा

**काठमाडौं/मस-** नामलाई लिएर विवादमा रहेको 'एक्टर' र 'एक्टर : टेक वान' फिल्मका निर्माताबीच बिहीबार भएका छलफलपछि 'एक्टर : टेक वान' लाई प्रदर्शन गर्न दिने सहमति भएको छ। दुवै फिल्मको निर्माण कम्पनीले जारी गरेको प्रेस वक्तव्यमा 'एक्टर' निर्माताले 'एक्टर : टेक वान' विरुद्ध काठमाडौं जिल्ला अदालतमा दायर भएको मुद्दा फिर्ता लिने भएको छ ।

विज्ञप्तिमा भनिएको छ, 'आज माघ १७ गते एक्टरका निर्माता नेपाली डायस्पोरा इन्टरटेन्मेन्ट तथा एक्टर : टेक वानका संयुक्त निर्माताहरु अदृत फिल्म्स र मोती फिल्मबीच आजकै मितिबाट एक्टर : टेक वानलाई देशव्यापी प्रदर्शन गर्न दिने सहमति गरियो । काठमाडौं जिल्ला अदालतमा प्रतिलिपि अधिकार ऐन बमोजिम उचित क्षतिपूर्ति दिलाई पाउँ भनि दायर गरेको मुद्दा एक्टर : टेक वानलाई थप क्षतिबाट बचाउनका लागि फिर्ता लिने सहमति भएको छ ।'




'एक्टर'को प्रस्तुतकर्ता कम्पनी नेपाली डायस्पोरा इन्टरटेन्मेन्टको तर्फबाट सम्राट थापाले आफ्नो फिल्मको नाम र कथावस्तु चोरी गरेर 'एक्टर : टेक वान' निर्माण गरिएको दाबीसहित फिल्मको प्रदर्शन रोक्न माग गर्दै गत गत शुक्रवार काठमाडौं जिल्ला अदालतमा रिट दायर गरेका थिए। त्यही रिटको आधारमा अदालतले मंगलबार 'एक्टर : टेक वान'को तत्कालका लागि प्रदर्शन रोक्न आदेश जारी गरेको थियो । जसले गर्दा फिल्म १६ गते बुधवारबाट प्रदर्शनमा आउन सकेन । दुई पक्षबीचको सहमति पश्चात भने 'एक्टर : टेक वान' लाई प्रदर्शनको बाटो खुला भएको छ ।

सहमतिपछि वितरण कम्पनी डिजिटल सिनेमा नेपाल (डीसीएन)ले शुक्रबारदेखि प्रदर्शनमा आउने जनाएको छ । डीसीएनले सबै हललाई इमेल गर्दै शुक्रबारका लागि शो तय गर्न आग्रह गरेको छ। 'फिल्म शुक्रबारदेखि रिलिज हुँदैछ । सोहीअनुसार प्रदर्शन तालिका तय गर्नुहोला' डीसीएनकी हेमा अधिकारीले हललाई लेखेको पत्रमा उल्लेख छ । चलचित्र विकास बोर्डले पनि चलचित्र संघलाई पत्र लेख्दै शुक्रबारदेखि हुने प्रदर्शनमा सहजीकरण गर्न आग्रह गरेको छ । निर्माताले बिहीबार पत्रकार सम्मेलन गर्दै फिल्म शुक्रबारदेखि रिलिज हुने जनाएका छन् ।

## कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको सानिमा बैंक लिमिटेड, उदयपुरगढी शाखाको ३५ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८१/१०/१८ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएको हुनाले सम्पूर्ण बक्यौता कर्जा सुविधा फिर्ता गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा धितो सुरक्षण लिलाम बिक्रि गर्ने र सो धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

साथै, उल्लिखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत/संस्थागत जमानत दिनुहुने पक्षहरूलाई समेत उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र बैंकको कर्जा भुक्तानी गर्नु गराउनुहुन सुचित गरीन्छ ।

तपसिलः

| |
|---|
| **ऋणीको नाम र ठेगाना :** |
| प्रदेश सरकार, १ नं. प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, गाईघाट, उदयपुरको प्रा.फ.नं.घ.उ.उ. ११९/०७७/०७८ मिति २०७७/०६/२० मा दर्ता कायम भएको उदयपुर जिल्ला, उदयपुरगढी गा.पा. वडा नं. ६ स्थित **दुर्गादेवी पशुपंक्षी तथा कृषि फर्म ।** |
| **व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :** |
| उत्तम प्रसाद खतिवडाको छारी, प्रल्हाद कुमार बरालको श्रीमती, उदयपुर जिल्ला, पञ्चावत्ती गा.वि.स. वडा नं. ४ बस्ने **दुर्गादेवी बराल...१** |
| चन्द्र प्रसाद बरालाको नाति, गोविन्द प्रसाद बरालको छोरा, उदयपुर जिल्ला, पञ्चावत्ती गा.वि.स. वडा नं. ४ बस्ने **प्रल्हाद कुमार बराल...१** |
| गोविन्द प्रसाद बरालाको नाति, प्रल्हाद कुमार बरालको छोरा, उदयपुर जिल्ला, उदयपुरगढी गा.पा. वडा नं. ६ बस्ने **अंकित बराल...१** |
| **धितो सुरक्षणको विवरण :** |
| **प्रल्हाद कुमार बरालको** नाममा मालपोत कार्यालय, उदयपुरमा दर्ता श्रेस्ता कायम रहेको उदयपुर जिल्ला, पञ्चावत्ती गा.वि.स. वडा नं. ४ (नक्सा सिट नं. ४क) स्थित कित्ता नं. २४६ को ०-८-३ (वि-क-धु) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |

**सानिमा बैंक** www.sanimabank.com

